महालेखापरीक्षकको
वार्षिक लेखापरीक्षण प्रतिवेदन
२०७७
रतुवामाई नगरपालिका
मोरङ

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशानालय
प्रदेश नं. १ र २

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या :२०७६/७७
च.नं. ६२५

मितिः २०७७/३/२६

श्री अध्यक्षज्यू,
रतुवामाई नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
मोरङ ।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन,२०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(विन्दु विष्ट)
नायव महालेखापरीक्षक

महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एबं कार्यक्रम कार्यान्वयन, खरिद ब्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय ब्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ। फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २४ गते

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशानालय
प्रदेश नं. १ र २

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या: २०७६।७७
च. नं. ५०६

मितिः २०७७।३।२४

श्री प्रमुखज्यू,
रतुवामाई नगरपालिका,
मोरङ ।

विषय : लेखापरीक्षण प्रतिवेदन ।

कैफियत सहितको राय

हामीले रतुवामाई नगरपालिकाको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससंग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससंग सम्बन्धित अन्य विवरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रु.३ करोड ४४ लाख ८२ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.४४ लाख २३ हजार, नियमित गर्नुपर्ने रु.२ करोड ४० लाख ५६ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.३० लाख ६७ हजार र पेश्कि रु. २९ लाख ३६ हजार रहेको छ ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्वन्धमा मिति २०७६।११।१९ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजात पेश भए अनुसार बेरुजु फछ्र्यौट भई कायम भएको व्यहोराको अन्तिम प्रतिवेदन पाना छब्बिस (२६) यसैसाथ संलग्न छ ।
४. आम्दानी तथा खर्चको श्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्वन गरेकोले नगरपालिकाको पेश्की वाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्वन्धित अन्य प्रचलित कानूनवमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिताअनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनवमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, नगर प्रमुख र प्रमुख प्रशासकिय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामापनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउने सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(विन्दु विष्ट)
नायव महालेखापरीक्षक

रतुवामाई नगरपालिका
लेखापरीक्षण प्रतिवेदन
२०७५।७६

स्थानीय संचित कोष:स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका व्ययहरु समावेश भएको आयव्यय हिसाब सहितको आर्थिक वर्ष २०७५/७६ को संचित कोषको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ ।

एकिकृतआर्थिकविवरण

आय				व्यय			
सिन	**विवरण**		**रुकम रु.**	**सिन**	**विवरण**		**रुकम रु.**
१	**गत आ.ब.को मौज्दात अल्या**		**६२४४१६५४.९५**	**१**	**चालु खर्च**		**३६५०९७२१२.२८**
	संचित कोष खाता बैंक	५८२२०३८४.०४			आन्तरिक श्रोत	९९९००४३.१२	
	धरौटी खाता	१४९५२६०.१९			वित्तिय समानिकरण अनुदान	७८६५९२५५.२२	
	कर्मचारी कल्याण कोष	१७११५०४.००			सशर्त अनुदान	१७४८०३१५१.८७	
	विपद् व्यवस्थापन कोष	८८०३४.००			सामाजिक सुरक्षा अनुदान	८९६७०२००.००	
	मर्मत संभार कोष	९२६४७२.७२			प्रधानमन्त्री रोजगार कार्यक्रम	२९७३१००.००	
२	आन्तरिक श्रोत आम्दानी		**१६९९०८६८.२२**		गरिब सँग विश्वेश्वर कार्यक्रम	३७९०००.००	
३	बितिय सामानीकरण अनुदान		**१५७५००००००.००**		प्रदेश स्थनियतह साझेदार विकास कार्यक्रम	३०४८७५.००	
४	संधवाट अनुदान		**३९०५५२७७३.१२**		राजस्व वांडफांड	८३१७५८७.०७	
	शसर्त अनुदान	२०७५५००००.००		२	**पुँजीगत खर्च**		**१५२३४२४३२.०८**
	सामाजिक सुरक्षा अनुदान	८९६७०२००.००			बित्तिय समानिकरण अनुदान	४३७८६०६७.७६	
	प्रधानमन्त्री रोजगार कार्यक्रम	२९७३१००.००			आन्तरिक श्रोत	१६२५१९७४.२१	
	गरिब सँग विश्वेश्वर कार्यक्रम	३७९०००.००			झोलुङ्गे पुल क्षेत्रगतकार्यक्रम	१७२१५९१.७७	
	झोलुङ्गे पुल	१७२१५९१.७७			तराइ मधेश समृदि कार्यक्रेम	१३८८३०२२.००	
	तराइ मधेश समृदि कार्यक्रेम	१३८८३०२२.००			शसर्त अनुदान	६९८८०००.००	
	विशेष अनुदान	२०७९६०००.००			स्थानीय पुवांधार विकास कार्यक्रम	९०६४६७९.३५	
	समपुरक अनुदान	२९३७७०००.००			राष्ट्रपति चुरे अनुदान	१४८३३३०५.००	
	प्रदेश तथा स्था क्षमता विकास	३०४८७५.००			प्रदेश निर्वाचन क्षेत्र विकाश कार्यक्रम	१३८५०१११.००	
	स्थानीय पुवांधार विकास कार्यक्रम	९०६४६७९.३५			प्रदेश शशर्त अनुदान	७४४७७६९.००	

	राष्ट्रपति चुरे अनुदान	१४८३३३०५.००			विशेष अनुदान	११६८३४१७.५०	
५	प्रदेशवाट अनुदान		**३१८०७०००.००**		समपुरक अनुदान	८६२५४९४.४९	
	प्रदेश निर्वाचन क्षेत्र विकाश कार्यक्रम	१४६०००००.००			प्रदेश वित्तिय समानिकरण अनुदान	४२०७०००.००	
	प्रदेश सशर्त अनुदान	१३००००००.००		३	सर्डकबोर्डनेपालबाटप्राप्त	२९७१७७१.००	**२९७१७७१.००**
	प्रदेश वित्तिय समानिकरण अनुदान	४२०७०००.००		४	राजस्व वांडफांड	७१९४७२७१.८६	**७१९४७२७१.८६**
६	राजस्व वांडफांड	९८८४३७३५.९८	**९८८४३७३५.९८**	५	**संघिय संचित कोष फिर्ता**		**६१९४३४८६.१४**
७	सर्डकबोर्डनेपालबाट प्राप्त	२९७१७७१.००	**२९७१७७१.००**		शसर्त अनुदान	२५७७७२७८.१३	
८	धरौटी खाता	१४२८८७३४.५६	**१४२८८७३४.५६**		विशेष अनुदान	९११२५८२.५०	
					समपुरक अनुदान	२०७५१५०५.५१	
					प्र.ले.नि.का. फिर्ता	६३०२१२०	
				६	**धरौटी फिर्ता**	**९७७१२६५.२५**	**९७७१२६५.२५**
				७	**बैंक तथा नगद मौज्दात**		**१११३२३०९९.२२**
					संचित कोष	९५५५९२४६.१९	
					कर्मचारी कल्याण कोष	२८६५५३०.५१	
					विपद् व्यवस्थापन कोष	३८२११८४.००	
					मर्मत संभार कोष	१३०७११७.५७	
					वातावरण विकास कोष	४०१०००.००	
					धरौटी मौज्दात	६०१२७२९.४९	
					आन्तरिकआम्दानीसंचितकोषदाखिलाबाकिनगद	१३५६२९१.४६	
	जम्मा		**७७५३९६५३७.८३**		**जम्मा**		**७७५३९६५३७.८३**

दफा	लेखापरीक्षणबाट देखिएको व्यहोरा	रकम
१.	आर्थिक बर्ष २०७४।७५को अन्तमा संचितकोष रकम रु.५,८८,९८,०८८।२५मौज्दात देखाएकोमा यस बर्ष उक्त रकम रु.५,८२,२०,३८४।०४ मात्र जिम्मेवारी देखाएकोले गत बर्षको बैक मौज्दात जिम्मेवारीमा फरक देखिएको रकम एकिन हुनु पर्ने रु.	६७७७०४/-
२.	**वजेट पेश गर्ने तथा पारित गर्ने**: स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालीकाबाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय , चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्रनै पारीत गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले २०७५ अषाढ १० गते आर्थिक बर्ष २०७५।७६ को आय व्यय बिबरण पेश भई पारीत गरेको छ ।	
३.	**चौमासिक विवरण** :स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(५) मा स्थानीय तहले स्थानीय सञ्चित कोषमा भएको आय व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था छ । कार्यालयले चौमासिक विवरण तोकिएको निकायमा पठाएको देखिएन । अतः कानुनको परिपालना हुनुपर्दछ ।	
४.	**आन्तरिक लेखापरीक्षण**: स्थानीय सरकार संचालना ऐन, २०७४को दफा ७७(२) अनुसार स्थानीय तहले कानून बमोजिम आफनो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने छ । आन्तरिक लेखापरीक्षणले औल्याएका कैफियत सम्वन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुन अगाबै सम्परीक्षण गर्नु पर्ने व्यबस्था रहेकोछ ।कार्यालयले अन्तरिक लेखापरीक्षले उल्लेख गरेको कैफियत हरु फछ्र्यौट गरेको देखिएन ।	
५.	**आन्तरिक नियन्त्रण प्रणाली**:स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७८ अनुसार स्थानीय तहले आफनो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र कार्यदक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्न, वित्तिय प्रतिवेदन प्रणालीलाई बिश्वसनीय वनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफनो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्राणाली तयार गरि कार्यान्वयन गर्नु पर्नेछ । आन्तरिक नियन्त्रण प्रणाली तयार गर्दा कामको प्रकृति अनुरुप जोखिम क्षेत्रको पहिचान, नियन्त्रणको वातावरण, सुचनाको आदान प्रदान अनुगमन तथा मूल्याङकन जस्ता विषयलाई समेत समेटनु पर्नेछ । आन्तरिक नियन्त्रण प्रणलीको अनुगमन गर्नको लागि गाउँपालिका वा नगरपालिकाका अध्यक्ष, प्रमुख वा जिल्ला समन्वय समितिको प्रमुख आफैले वा जिम्मेवार अधिकारी तोकि अनुगमन गर्ने व्यबस्था मिलाउनु पर्ने व्यबस्था रहेको छ ।	
६.	**योजना छनौट** :स्थानीय सरकार संचालन ऐन, २०७४को दफा २४ तथा स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४(परिमार्जित) को बुंदा नं. ३ मा नगरपालिकाले वार्षिक योजना तथा बजेट तर्जुमा गर्दा निम्न बिषयलाई प्राथमिकता दिनु पर्ने उल्लेख छ । (क) आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने, (ख) उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, (ग) जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने, (घ) स्थानीय सहभागिता जुट्ने, स्वमंसेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने, (ङ) स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने (च) महिला, बालवालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, (छ) लैंगिक समानता र सामाजिक समावेशीकरण अभिबृद्धी हुने, (ज) दीगो विकास, वातावरणीय संरक्षण तथा सम्वर्द्धन गर्न सघाउ पुर्याउने, आदी । नगरपालिकाले योजना तर्जुमा तथा वजेट निर्माण गर्दा उपरोक्त आधारमा गर्नु पर्दछ ।	
७.	**विद्युतीय खरिद विधि**:सार्बजनिक खरिद ऐन, २०६३को दफा ६९ अनुसार सार्बजनिक निकायले	

खरिद कार्यको कुनै वा सबै प्रकृयामा विद्युतीय कार्यविधि प्रणाली मात्र अपनाउन सक्ने व्यबस्था रहेको छ । सार्बजनिक खरिद अनुगमन कार्यालयले ऐनको दफा ६९ को प्रयोजनका लागि एउटामात्र पोर्टल रहने गरि विद्युतीय खरिद प्रणालीको स्थापना संचालन र व्यबस्था गर्ने रहेको छ ।नगरपालिकाले उक्त व्यबस्था अनुसार ठेक्का ब्यबस्था गरेको देखिएन ।

८. **बोलपत्रः** सार्बजनिक खरिद ऐन, २०६३को दफा २६(६) अनुसार सार्बजनिक निकायले प्रकासित वोलपत्रमा कूनै बोलपत्रदाताले आपसमा मिलोमतो गरी वोलपत्र दाखिला गरेको प्रमाणित भएमा त्यस्तो वोलपत्र रद्ध हुने व्यबस्था रहेको छ । कार्यालयबाट यस बर्ष वोलपत्रका माध्यमबाट भएका ठेक्का व्यवस्था मध्ये १४ ठेक्का रु.९,०९,०८,३४६/-लागत अनुमान भएकोमा रु.९,०५,१०,७५०/- मा-(अर्थात ०.००४४ प्रतिशतमात्र घटेर) ठेक्का व्यबस्था भएको देखियो । ठेक्का व्यबस्था हुँदा पर्याप्त प्रतिस्पर्दा हुने गरि ठेक्का व्यबस्था भएको पाईएन ।

९. **सेवा प्रवाह स्थिति** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) मा नगरपालिकाको काम, कर्तव्य र अधिकारको व्यवस्था रहेको छ । नगरपालिकाले वडा कार्यालयबाट सम्पादित नागरिकता सिफारिस, घरबाटो, नाता प्रमाणित, पञ्जिकरणको तथ्यांक तथा अभिलेखलाई व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ। यस नगरपालिका तथा अर्न्तगतका वडाबाट सम्पादित हुने सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छ ।

क.सं	**विवरण**	**सेवा प्राप्तिका लागि निवेदन संख्या**	**सिफारिस संख्या**
१	नागरिकता सिफारिस	१५६	१५६
२	घरबाटो सिफारिस	१३८	१३८
३	नाता प्रमाणित	६०	६०
४	जन्म, मृत्यु दर्ता	५१५	५१५
५	अन्य	१४८५	१४८५

विशेष अनुदानः

१०. अन्तरसरकारी वित्त व्यबस्थापन ऐन, २०७४को दफा ११ अनुसार नेपाल सरकारले देहायको उद्धेश्य राखि प्रदेश वा स्थानीयतहबाट संचालन हुने कुनै खास योजनाको लागि बिशेष अनुदान प्रदान गर्न सक्ने व्यबस्था रहेको छ ।

- शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सेवाको विकास र आपूर्ति गर्ने,
- अन्तर प्रदेश वा अन्तर स्थानीय तहको सन्तुलित विकास गर्ने
- आर्थिक सामाजिक वा अन्य कुनै प्रकारले विभेदमा परेको वर्ग वा समुदायको उत्थान वा विकास गर्ने

११. अर्थमन्त्रालयबाट यस बर्ष विशेष अनुदान अन्तर्गत रु.२,०७,९६,०००।- निकासा भएकोमा रु.१,१६,८३,४१८।- मात्र खर्च भएको र बाँकी रकम रु.९१,१२,५८२।- फिर्ता भएको छ । चालु वर्ष सो कार्यक्रमको लागि बजेट व्यबस्था भएको देखिएन ।

१२. **फरक कार्यः**अर्थमन्त्रालय बाट जारी बिशेष अनुदान सम्वधि कार्यविधि, २०७५ को बुदा नं ८ अनुसार स्थानीय तहले विशेष अनुदान रकम खर्च गर्दा जुन आयोजना/कार्यको लागि अनुदान प्राप्त भएकोहो सो आयोजना/ कार्यकममा मात्र खर्च गर्नु पर्ने व्यबस्था रहेकामा अर्थ मन्त्रालयबाट शुरुमा वजेट विनियोजन गर्दा मरिया रतुवा खोलापूल निर्माणको लागि स्विकृत कार्यक्रम अनुसार विशेष अनुदान माग भई प्राप्त भएकोमा २०७५।१२।६को कार्यपालिकाको निर्णय अनुसार निम्न योजना संचालन गर्ने निर्णय भई कार्यान्वयन भएको देखियो ।

योजनाको नाम	लागत अनुमान	सम्झौता रकम	यस बर्ष भूक्तानी
वडा नं ३ छालगाछी देखि चौकीघाट कालोपत्रे	७३९२६९८	७५१०२२	७१,४०,८२३

वडा नं २ र ४ डोरिया देखि झुर्किया जाने बाटो निर्माण	५४०४३४४	५३५०९३४	१६,९७,१९०
सोनापुबाट हटियाडाँडा जाने सडक कालोपत्रे	९४०८८०१	९३७९००४	५६,०५,२३३
जम्मा	२२२०५८४३	२१८८०९६०	१४४४३२४६

समपुरक अनुदान:

१३. अन्तरसरकारी वित्त व्यबस्थापन ऐन २०७४को दफा १० अनुसार नेपाल सरकारले प्रदेश वा स्थानीयतहलाई पूर्वाधार विकास सम्वन्धि कुनै योजना कार्यान्वयन गर्न समपूरक अनुदान प्रदान गर्न सकिने व्यबस्था रहेको छ ।समपूरक अनुदान प्रदान गर्दा देहायका कुरालाई आधार वनाईने छ ।

- योजनाको संम्भाव्यता
- योजनाको लागत
- योजनाबाट प्राप्त प्रतिफल तथा लाभ
- योजना कार्यान्वयन गर्न सक्ने वित्तीय तथा भौतिक क्षमता वा जनशक्ती
- योजनाको आबश्यकता र प्राथमिकता

१४. **बहुवर्षिय ठेक्का** :कादुपाडा सडक स्तरोन्तीको लागि नेपाल सरकारबाट प्राप्त भएको बजेट रु.२,९३,७७,०००।- बजेटव्यबस्था भएकोमा रु.३,८०,७९,८९३।७६ को सडक कालो पत्रे गर्ने कार्यको लागत अनुमानगरि वोलपत्रको माध्यमबाट रु. २,७१,२०,८२६।२५ मु. अ.कर सहितमा मिति २०७६।६।३० सम्ममा कार्य सम्पन्न गर्ने गरि कार्कि वन्धु /शशिधर /गोविन्द जे.भि संग ठेक्का सम्झौता भएको देखियो । सार्वजनिक खरिद नियमावली, २०६४को नियम ७ अनुसार सार्बजनिक निकायले एक बर्ष भन्दा बढी अवधि सम्म संचालित हुने योजना वा आयोजनको लागि खरिद गर्दा वा बार्षिक १० करोड भन्दा बढी रकमको खरिद गर्दा खरिदको गुरुयोजना तयार उपनियम ३ बमोजिम अधिकार प्राप्त अधिकारीबाट योजना स्विकृत गराउनु पर्ने व्यबस्था रहेको छ । नियमानुसार बहुवर्षिय ठेक्का भएकोमा योजना स्वीकृत गराएको देखिएन ।

१५. यसबर्ष प्रदेश सरकारबाट समपुरक अनुदान अन्तर्गत रु. .२,९३,७७,०००।- प्राप्त भएकोमा निम्नानुसार लागत अनुमान भई ठेक्का सम्झौता भएको र निर्माण कार्यमा यस बर्ष खर्च हुन नसकि रु२०७५१५०५।- रकम फिर्ता भएको छ । यस बर्ष ठेकका सम्झौता भएको रु. ४,०१,६९,०९९। मा रु.१८,६५,४९४/- अर्थात ४.६४ प्रतिशतमात्र खर्चभई रु.३,८३,०३,६०५।- रकमको दायित्व चालु वर्षको लागि सरेको छ। यि योजनाको लागि यस बर्ष समपुरक वजेटबाट रकमको व्यबस्था रहेको छैन । जुन बर्षको लागि वजेट विनियोजन भएको हो सोही बर्ष निर्माण कार्य सम्पन्न हुने गरि ठेक्का व्यबस्था हुन पर्दछ ।

योजनाको नाम	लागत अनुमान	ठेक्का सम्झौता	यस बर्ष भूक्तानी रकम
कादुपाडा सिजुवा सडक कालोपत्रे	३८०७९८९४	२७१२०८२६.	१८६५४९४.
विधुत विस्तार कार्य रतुवामाई नगरभरि	१३१४०३३३	१३०४८२७३	०
जम्मा	५१२२०२२७	४०१६९०९९	१८६५४९४

१६. आयोजना कार्यान्वय गर्दा समपूरक अनुदान सम्वन्धि कार्यविधि, २०७५ले निर्धारण गरेको प्रकृया(आयोजना । कार्यकमको संम्भाव्यता अध्ययन सम्वन्धि (फिजिविलिटी स्टडी), ड्रईङ्ग डिजाईन र स्पेशिफिकेशन सहितको विस्तृत विवरण तयार) पुरागरी कार्यविधिले तोकेको क्षेत्रमा मात्र खर्च गर्नु पर्ने व्यबस्था रहेको छ ।

शशर्त अनुदान:

१७.	अन्तरसरकारी वित्त व्यबस्थापन ऐन ,२०७४को दफा ९ अनुसारनेपाल सरकारले प्रदेश वा स्थानीय तहलाई वा प्रदेश सरकाले स्थानीय तहलाई प्रदेश कानून वमोजिम वित्त आयोगले तोकेको आधार वमोजिम शशर्त अनुदान प्रदान गर्ने व्यबस्था रहेको छ ।	
१८.	सार्वजनिक खरिद नियमावली, २०६४को नियम ७ अनुसार सार्बजनिक निकायले एक बर्ष भन्दा बढी अवधि सम्म संचालित हुने योजना वा आयोजनको लागि खरिद गर्दा वा बार्षिक १० करोड भन्दा बढी रकमको खरिद गर्दा खरिदको गुरुयोजना तयार गरि उपनियम ३ बमोजिम आयोजना स्विकृत गराउनु पर्ने व्यबस्था रहेको छ । प्रदेश सरकारबाट शशर्त अनुदन अर्न्तगत सौठा चोक हुदै बुधबारेवजार मिलनचोक सम्म कालो पत्रे कामको लागि रु.१,३०,०००००।-को वजेट विनियोजन भएकोमा यस आर्थिक बर्षमा रु.८१,८२,०५१।- खर्च भई बाँकी रकम रु.४८,१७,९४९।-प्रदेश संचित कोषमा फिर्ता भएको छ । उक्त सडक आयोजनको लागि चालु बर्ष प्रदेश सरकारबाट वजेट विनियोजन भएको छैन ।	
१९.	उक्त सडकको लागि रु.३,६६,६३,६६४।८५को लागत अनुमान गरि बोलपत्रको माध्यमबाट रु.२,१९,२७,००४।६३ मुल्य अभिबृद्धि कर सहित मिति २०७६।६।३०मा कार्य सम्पन्न गर्ने गरि २०७६।२।१०मा ठेक्का सम्झौता भएको देखियो । यस आर्थिक बर्षमा रु.३९८२०५०।८७कोमात्र पहिलो रनिङ विल भुक्तानी भई बाँकी काम चालु बर्षमा सरेको छ । विनियोजित बजेट भन्दा बढीको लागत अनुमान गरि ठेक्का सम्झौता भएको र चालु वर्षमा उक्त कामको दायित्व नगरपालिका कोषमा सरेको देखियो । नियमानुसार बहुवर्षिय योजना स्विकृत नगरि वजेट भन्दा बढीको ठेक्का व्यबस्था भएको नियम सम्मत देखिएन ।	
२०.	**ठेक्का भएको स्थानमा अन्य निकायको काम:** मलामिघाट बक्हाखोला सोमवारे पोखरिवाधको सडक निर्माणको लागि आर्थिक बर्ष २०७५।७६मा वोलपत्रको माध्यमबाट रु.१९४५४७४०को लागत अनुमान गरि रु.१९४४१८२५ मा मिति२०७६।३।२९मा ठेक्का सम्झौता भएको थियो । उक्त ठेक्कामा २०७६ आषाढ मसान्त सम्म ठेक्काको कार्य हुन नसकेकोले रकम फ्रिज हुने अबस्था रहेकोले पूर्वाधार विकास कार्यालय प्रदेश नं १ विराटनगरको मिति २०७६।३।०८को पत्रानुसार सडक निर्माण गर्नका लागि अख्तियारी प्राप्त भएकोले उक्त सडक निर्माण गर्न सोही ठाउँको स्थानीय जनतालाई समिति गठन गराई सम्झौताको लागि सिफारिस गरि पठाई दिनु हुन भनि पत्र लेखि आएकोले पूर्वाधार विकास कार्यालयले सडकको काम गरेमा उक्त कामबाहेकको कार्यमात्र नगरपालिकाको ठेक्काबाट गरिने गरि नगरकार्यपालिकाबाट मिति२०७६।३।१०मा निर्णय भएको देखियो । ठेक्का भएको निर्माण कार्य मध्ये कुन कुन काम उपभोक्ताबाट भएको हो र कुन काम नगरपालिको ठेक्काबाट गर्ने खुल्लेगरि निर्णय भएको देखिएन । एउटा निकायबाट भएको सडक निर्माणको काममा आर्को निकायबाट उपभोक्ता समितिबाट निर्माण कार्य भएको उचित देखिएन ।	
२१.	**म्याद थप**: सार्बजनिक खरिद ऐन, २०६३ को दफा ५६ अनुसार काबू बाहिरको परिस्थिति, सार्बजनिक निकायले उपलब्ध गर्नु पर्ने कुरा उपलब्ध गर्न नसकेमा सम्झौता वा अन्य मनासिव कारण बाट खरिद सम्झौताको अवधि नबढाई नहुने भएमा अधिकार प्राप्त अधिकारीले अवधि बढाउन सक्ने व्यबस्था रहेको छ । सोको लागि सम्वन्धित निर्माण व्यबसायीले २१ दिन अगाबै निबेदन दिनु पर्ने र निवेदनमा उल्लेखित कारण सम्वन्धमा आवश्यक जाचवुझगरि अधिकार प्राप्त अधिकारीले म्याद थप गर्न सक्ने व्यबस्था रहेको छ ।नगर कार्यपालिकाको मिति २०७६।३।१०को निर्णय अनुसार कार्य सम्पन्न हुन बाँकी योजनाको सम्वन्धमा २०७६ मंसिर मसान्त सम्म गोलमटोलमा योजनाको म्याद थप गरेको देखियो । तोकिएको म्यादमा निर्माण कार्य सम्पन्न हुन नसकेको कारण सम्वन्धमा कार्यपालिकाले कुनै बिश्लेषण नगरि म्याद थप गरेको देखियो । सार्बजनिक खरिद नियमावली, २०६४को नियम १२०(६) अनुसार शुरु सम्झौताको ५० प्रतिशत भन्दा बढी सम्झौताको अवधि बढाउन नपाउने व्यबस्था रहेकोमा सो नियमको व्यबस्था विपरित म्याद थप गरेको देखियो ।	

<table>
<tr><td>२२.</td><td>पेश्की: आर्थिक कार्यविधि नियमावली, २०६४को परिच्छेद ९ नियम ७७ अनुसार निर्माण व्यावयीलाई उपलब्ध गराईएको निम्नानुसारको मोविलाईजेशन पेश्की आर्थिक बर्षको अन्त सम्मपनि फछ्र्यौट गरेको नदेखिएकोले नियमानुसार फछ्र्यौट हुनु पर्ने रु.
<table>
<tr><th>वजेट उपशिर्षक</th><th>ठेक्का नं</th><th>निर्माण व्यबसायीको नाम</th><th>पेश्की रकम</th></tr>
<tr><td>प्रदेश शशर्त अनुदन</td><td>०८ २०७५।७६</td><td>समिर /ढुण्डी निर्माण सेवा</td><td>१६८००००</td></tr>
<tr><td>समपुरक अनुदान</td><td>०७, २०७५।७६</td><td>कार्कि बन्धु/ शशिधर / गोविन्द जेभी</td><td>१००००००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>२६८००००</td></tr>
</table></td><td>२६८००००/-</td></tr>
<tr><td></td><td>राष्ट्रपति चुरे संरक्षण कार्यकम</td><td></td></tr>
<tr><td>२३.</td><td>गाईघाट सातमेडी मंगलबारे रतुवाखोला कटान संरक्षण उपभोक्ता समिति को कामको लागि रु. ५५,००,८४९।६७ को लागत अनुमान गरि उपभोक्ता समिति संग सम्झौता भएको थियो । नगरपालिकाबाट रु.५०,००,०००।- र उपभोक्ताबाट रु. ५,००,८५०।- व्यहोर्नेगरि भएको उक्त कामको भौ नं २ मिति २०७६।२।०६मा रु.२९५८३०५।- उपभोक्ताको नाममा भूक्तानी भई अन्य भूक्तानी भएको देखिएन ।कामको अबस्था सम्वन्धमा स्पष्ट हुन सकिएन । निर्माणको कार्य सम्पन्न पनि गरेको छैन ।</td><td></td></tr>
<tr><td>२४.</td><td>भौ नं८ मिति २०७६।३।२५ बाट बक्राहा नदी नियन्त्रण उपभोक्ता समिति वडा नं ९ को नदि नियन्त्रण कार्यको लागि रु.१६६२०००।- को लागत अनुमान गरि रु.१५०००००।- कार्यालयले व्यहोर्ने गरि उपभोक्ता संग सम्झौता भएको थियो । सम्झौता अनुसार ग्यावियन जाली वुनेर जालीमा ढुङ्गा भर्ने लगायतको सम्पूर्ण कार्यको लागिप्रति घनमिटर रु. ५२८०।- का दरले ३०८.१६ घनमिटर कामको भूक्तानी गरेको पाईयो । लागत अनुमान गर्दा प्रतिघन मिटर रु.२०७।०९ को दरले ग्यावियन लगायतको ल्याव परिक्षण गर्नेगरि दर कायम गरेको देखियो तर ल्याव परिक्षण गरेको नदेखिएकोले उक्त रकम असुल हुन पर्ने रु.</td><td>६३८१७/-</td></tr>
<tr><td>२५.</td><td>भौ नं ९ मिति २०७६।३।२५बाट बक्राहा नदी नियन्त्रण उपभोक्ता समिति वडा नं ५ को नदि नियन्त्रण कार्यको लागि रु ३८५०१०९। को लागत अनुमान गरि रु.३५००००० कार्यालयले व्यहोर्ने गरि उपभोक्ता संग सम्झौता भएको थियो । सम्झौता अनुसार ग्यावियन जाली वुनेर जालीमा ढुङ्गा भर्ने लगायतको सम्पूर्ण कार्यको लागिप्रति घनमिटर रु.५२८०का दरले २०६.५० घनमिटर कामको भूक्तानी गरेको पाईयो । लागत अनुमान गर्दा प्रतिघन मिटर रु.१९९.०४को दरले ग्यावियन लगायतको ल्याव परिक्षण गर्नेगरि दर कायम गरेको देखियो तर ल्याव परिक्षण गरेको नदेखिएकोले उक्त रकम असुल हुन पर्ने रु.</td><td>४११०२/-</td></tr>
<tr><td></td><td>नगरपालिका चाँलु तर्फ</td><td></td></tr>
<tr><td>२६.</td><td>पत्रपत्रिका छुटः विभिन्न मिडियाहरुमा सूचना प्रकाशन गर्दा प्रतिस्पर्धा गराई छुटको व्यवस्था गर्नु पर्दछ । नगरपालिकाले विभिन्न सूचना तथा विज्ञापन प्रकाशन विभिन्न फर्महरु मार्फत गरी रु.७,३०,६५४/- भुक्तानी गरेकोमा उक्त मिडिया फर्महरुले कुनै प्रकारको छुटको व्यवस्था गरेको देखिएन । सुचना प्रकाशन गर्दा गोरखापत्र लगायत अन्य समाचार पत्रमा २५ प्रतिशत छुटको व्यवस्था रहेको हुँदा मिडियाहरु बिच प्रतिस्पर्धा गराई छुट प्रदान गर्ने मिडिया फर्म सँग सेवा लिनुपर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । साथै सुभकामना तथा सन्देशमुलक सुचना प्रदान गरेको भनी पटक पटक विभिन्न मिडिया फर्म लाई भुक्तानी दिने कामलाई निरुत्साहित पार्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२७.</td><td>आर्थिक सहयोगः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा आर्थिक सहायता वितरण सम्वन्धमा ब्यबस्था भएको छैन । आर्थिक सहायता वितरण सम्वन्धमा मापदण्ड , सिमा र कार्यविधी कार्यपालिकाले नगर परिषदबाट पारित गरी लागु गरेको पनि देखिएन । नगरपालिकाले लक्षित वर्ग कार्यक्रम, विविध खर्च, कार्यक्रम खर्चलगायतका शिर्षकमा रकम विनियोजन गरी आर्थिक सहायता माग गर्नेले पेश गरेको निवेदनमा नगर प्रमुखको तोक आदेश अनुसार रु. १०,०००/- सम्म र कार्यपालिका निणर्यद्धारा रु. १०,०००/- भन्दा बढी आर्थिक सहायता</td><td></td></tr>
</table>

वितरण गरेको पाइयो । आर्थिक सहायता वितरण गर्ने मापदण्ड, सिमा र कार्यविधी तयार गरी नियन्त्रित र व्यवस्थित तरिकाले आवश्यकत्ता अनुसार मितव्ययी रुपमा तोकिएको सीमा भित्र वितरण गर्ने र सो को विवरण सार्वजनिक गर्नुपर्ने तर्फ नगरपालिकाको ध्यान जानुपर्दछ ।

२८. **खेलकुद विकास तथा धर्म कला साहित्य प्रर्वद्धन कार्यक्रमः** नगरपालिकाले खेलकुद विकास कार्यक्रम तथा धर्म कला साहित्य प्रवर्द्धन कार्यक्रमतर्फ विनियोजित भएको बजेट मापदण्ड स्वीकृत नगरी विभिन्न व्यक्ति, समिति तथा संघ संस्थाहरुलाई विभिन्न सामग्री खरिद, आर्थिक सहयोग, प्रतियोगिता तथा कार्यक्रम सञ्चालन, चाडपर्व तथा दिवस मनाउने जस्ता कार्यक्रमहरुका लागि भुक्तानी भएको देखिएकोमा उक्त व्यक्ति तथा समितिहरुले खरिद गरेको सामाग्रीहरुको अभिलेख राखेको देखिएन । यस्ता समितिहरुलाई नगरपालिकाबाट प्रत्येक वर्ष पटक पटक भुक्तानी भएकोमा ति सामानको दाखिला तथा सदुपयोग बारे नगरपालिकाले अनुगमन गर्नुपर्ने देखिन्छ साथै नतिजामूलक कार्यमा खर्च गर्नुपर्ने बजेट वितरणमुखी कार्यमा खर्च गरेको उचित देखिएन । खेलकुद विकास तथा धर्म कला साहित्य प्रर्वद्धन कार्यक्रम अन्तगर्त भुक्तानी भएको केही उदाहरणहरुः

गो.भौ.नं.	**भुक्तानी लिनेको नाम**	**भुक्तानी रकम**
३५८-०७५/११/१७	अन्तर विद्यालय खेलकुद समिति	६००००.००
३९५-०७५/११/२९	अनिल सुब्बा	९१०३२.००
७९६-०७६/३/२६	आरम्भ नाट्य डबली कला साहित्य मञ्च	१५००००.००
८०६-०७६/३/२६	नेपाल आदिवासी जनजाती महासंघ	५०००००.००
२२-०७५/६/७	नेपाल आदिवासी जनजाती महासंघ	५५०००.००
३२०-०७५/१०/२३	जगदगुरु श्री रामभन्द्रचार्य सेवापिठ	१०००००.००
४०८-०७५/१२/१५	तारक ब्रम्ह महायज्ञ कलस शोभायात्रा	५३८४०.००

२९. **अन्य संघ संस्थाबाट कार्यक्रम/तालिम सञ्चालनः** सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ९९ मा १० लाख रुपैयाँ भन्दा कम रकमको कार्य मौजुदा सूँची मा रहेका गैह्र सरकारी संस्थावाट सूचना प्रकाशन गरी सम्भव भए सम्म ६ वटा र कम्तिमा ३ वटा संग आर्थिक प्रस्ताव माग गरी कामको आवश्यकता, किसीम, समयावधि, गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधि सहितको कार्यक्षेत्रगत शर्त र लागत मूल्यांकन विधि अनुसार पारदर्शि रुपमा छनौट गर्नु पर्ने व्यवस्था छ । नगरपालिकाले विभिन्न लक्षित समूह तथा वर्गको लागि विभिन्न कार्यक्रम तथा तालिम सञ्चालन गर्नको लागि छनौट भएको संघ संस्थाहरुको छनौट प्रकृया नियमावली बमोजिम पारदर्शि रहेको पाइएन साथै उपभोक्ता समिति गठन गरी कार्यक्रमहरु गरेको पाइयो । अधिकांश कार्यक्रम तथा तालिममा खर्चको नर्म्स, लागत इस्टीमेट तयार नगरी तालिम सञ्चालन गरेको र सहभागीहरुको छनौटको मापदण्ड स्पष्ट नदेखिएकोले कार्यक्रमले अपेक्षा अनुरुप प्रतिफल प्राप्त हुने विश्वस्त आधार देखिएन । यस्ता कार्यक्रम सञ्चालन गर्दा लक्षित वर्गको सहि पहिचान गरी सहभागी छनौट गर्ने, कार्यक्रम तर्जुमा गर्दा उद्यमशिलता विकास, रोजगारीको अवसर, स्थानीय स्रोत साधन र क्षमताको प्रयोगलाई विचार गरी योजनाहरुको छनौट गर्नु पर्दछ । साथै यस्तो तालिमहरु सञ्चालन गर्न सक्षम संस्था छनौट गरी संस्था छनौट प्रकृयालाई पारदर्शि बनाउने र यस्ता विशेष शिप तथा क्षमता भएको कार्यक्रम उपभोक्ता समितिद्वारा सञ्चालन गर्न नदिने तर्फ नगरपालिकाको ध्यान जानुपर्दछ ।

गो.भौ.नं.	**सञ्चालन गर्ने**	**तालिम तथा कार्यक्रम**	**रकम रु.**
२६९	जेष्ठ नागरीक समन्वय केन्द्र	जेष्ठ नागरीक सम्मान कार्यक्रम	५००००
४९१,७४०	स्वास्थ्य आमा समुह	सिलाई कटाई तालिम	२०००००
५०७	उन्नती महिला बचत तथा ऋण सहकारी संस्था लि.	बाख्रा वितरण कार्यक्रम	५००००
५३४,५९१	ईटहरा एकता क्लब	ईटहरा रतुवामाई डान्स आईडल	२०००००
८०५	प्रदेश टाईम्स मिडिया प्रा.लि.	पत्रकारीता तालिम	२०९९००
८०८	जेष्ठ नागरीक हकहित समाज	जेष्ठ नागरीक सम्मान कार्यक्रम	५०००००

		जम्मा		१२०९९००	

३०. **मेयर कप फुटबल :** सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्दा सिमित हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्नु नहुने व्यवस्था छ । आर्थिक कार्यविधि (पहिलो संशोधन) नियमावली, २०७५ को नियम ७६ (१) मा कार्यालयले सोझै विक्रेतालाई भुक्तानी गर्नु पर्ने व्यवस्था रहेको छ । नगर स्तरीय मेयरकप खेलकुद प्रतियोगिता संचालनको लागि आवश्यक पर्ने रु ११,८०,५००/- को सामान कार्यालयले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ अनुसार सिलवन्दी दरभाउपत्रवाट खरिद गर्नु पर्नेमा मेयर कप फुटबल आयोजक समिति गठन गरी आयोजक समितिलाई पटक पटक गरी विभिन्न भौचरहरुबाट तपशिल अनुसार विभिन्न खेलकुद सामाग्री सोझै खरिद गरी भुक्तानी भएकोमा न्यू पाथिभरा स्पोर्टस सेन्टरबाट मात्र रु. ५,००,०००/- भन्दा बढीको सामग्री खरिद गरेको पाइयो ।खेलकुद कार्यक्रममा खरिद हुनु पर्ने सामानहरु यकिन गरी लागत अनुमान तयार गरेको पाइएन र खरिद भएका सामानहरु आयोजक समितिले दाखिला समेत गरेको देखिएन । साथै उक्त कार्यक्रमको लागि विभिन्न वडा हरुले पुनः पटक पटक सामाग्री खरिद गरेको समेत पाइयो । पटके रुपमा कार्यक्रम गर्दै जाने र प्रत्येक पटक खरिद गरी वितरण गरेको रेकर्ड अद्यावधिक नराख्दा एउटै कार्यक्रमको दोहोरो तेहेरो भुक्तानी हुने संभावना समेत रहेकोले कार्यालयवाट प्रभावकारी नियन्त्रणको व्यवस्था हुनु पर्ने देखियो ।

सि.नं.	भौ.नं.	मिति	विवरण	रकम
१	४२७	२०७५/१२/१३	न्यू पाथिभरा स्पोर्टस सेन्टर ११ थान पान विलवाट	२०८५२५.००
२	४२७	२०७५/१२/१३	ओटु फेसन वेयर १० थान पान विलवाट	१९८०००.००
३	४२७	२०७५/१२/१३	पोखरेल सु सेन्टर ३ थान पान विल वाट	४५०००.००
४	४५८	२०७६/१/३	ओशियन म्युजिक एण्ड स्पोर्टस ४ थान पानविल वाट	६३३००.००
५	४५८	२०७६/१/३	न्यू पाथिभरा स्पोर्टस सेन्टर १२ थान पान विलवाट	१९५०५०.००
६	४५८	२०७६/१/३	ओटु फेसन वेयर ६ थान पान विलवाट	९९९००.००
७	४५८	२०७६/१/३	एलिना इन्टरप्राइजेज ४ थान पान विलवाट	६५९२५.००
८	४८५	२०७६/१/१२	एलिना इन्टरप्राइजेज २ थान पान विलवाट	२६२५०.००
९	४८५	२०७६/१/१२	ओटु फेसन वेयर ४ थान पान विलवाट	९३८००.००
१०	४८५	२०७६/१/१२	न्यू पाथिभरा स्पोर्टस सेन्टर ८ थान पान विलवाट	६५२५०.००
११	४८५	२०७६/१/१२	ओशियन म्युजिक एण्ड स्पोर्टस २ थान पानविल वाट	१८५००.००
१२	४८५	२०७६/१/१२	श्रेष्ठ टेन्ट हाउस एण्ड साउण्ड सिस्टम ६ थान पानविल वाट	१०१०००.००
			जम्मा	**११८०५००/-**

३१. **कृषि तथा पशुमा आधारीत स्वरोजगार कार्यक्रमः** नगरपालिकाले कृषि तथा पशुमा आधारित स्वरोजगार कार्यक्रम अन्तर्गत विभिन्न ७३ कृषक फर्महरुलाई रु. ५०,०००।- का दरले रु. ३६,५०,०००/- खर्च गरेको देखियो । कृषक हरुद्धारा उक्त अनुदान रकमको विल भरपाई पेश भएको पाइयो । उक्त कृषक फार्महरुलाई वितरण गरेको अनुदानको उपयोगिता तथा उत्पादकत्व सम्बन्धि नगरपालिकाले अनुगमन गर्नुपर्ने देखिन्छ । साथै यस्ता कार्यक्रम सञ्चालन गर्दा दिर्घकालिन सोच तथा योजना बनाई व्यवसायिक कृषक छनौट गरेर सञ्चालन गर्नुपर्ने तर्फ नगरपालिकाको ध्यान जानुपर्दछ ।

३२. **कृषि पशु कार्यक्रमः** नगरपालिकाले यस आर्थिक वर्ष रु. ६०,८२,०००/- पशु तथा कृषि क्षेत्रमा वजेट विनियोजन गरी विभिन्न कार्यक्रम सञ्चालन गरेको पाइयो । नगरपालिकाले सञ्चालन गर्ने विभिन्न कार्यक्रमहरु जस्तै तरकारी बिउ वितरण, मल वितरण, स्प्रेयर वितरण, घाँस

वितरण आदि शर्सत तथा निर्शत रुपमा पटक पटक गरेको देखिन्छ । उक्त वितरणमुखी कार्यक्रमहरुले कृषि तथा पशु क्षेत्रमा उल्लेखनिय प्रतिफल ल्याएको अवस्था देखिन आएको छैन । साथै अभिमुखिकरण, अनुगमन, ढुवानी, गोष्ठी तथा तालिम जस्ता शर्सत तथा निर्शत कार्यक्रमहरु मासिक तथा वार्षिक रुपमा पटक पटक सञ्चालन गरेको छ । नगरपालिकाले यस्ता खर्च नियन्त्रण गरी व्यवसायिक कृषकहरुको पहिचान गरी कार्यक्रम छनौट गर्दा यान्त्रिकरणमा जोड दिनुपर्ने र दिर्घकालिन, उपलब्धीमुलक योजना बनाउने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

३३. **न्यायिक समिति बैठकः** ३८१-०७५।११।२३ गाँउ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ मा नगरपालिकाका पदाधिकारीले पाउने सुविधा सम्बन्धि उल्लेख छ । उक्त ऐन को दफा ६ मा न्यायिक समितिका सदस्यले महिनामा जति पटक बैठक बसे पनी मासिक दुई पटक बैठकको भत्ता संयोजकलाई रु. १४००।- का दरले तथा अन्य सदस्यलाई रु. १२००।- का दरले बैठक भत्ता पाउने व्यवस्था छ । न्यायिक समिति को साउन देखि फागुन सम्म विभिन्न मितिमा बसेको बैठक संख्या १२ हुनुपर्नेमा २० बैठक रहेको तथा दर संयोजकलाई लाई रु. १८०० र सदस्यहरुलाई रु. १५०० का दरले भुक्तानी भएको देखियो । देहायका २ जनालाई ऐन विपरित बढी संख्या तथा बढी दरले भुक्तानी भएको रु. ३३,६००/- असुल गर्नुपर्ने रु. ३३६००/-

क्र.सं.	नाम	भुक्तानी भएको	भुक्तानी हुनुपर्ने	बढी भुक्तानी
१.	श्री दयन्ता देवि चुँडाल	३६०००	१८०००	१८०००
२.	श्री घनश्याम गौतम	३००००	१४४००	१५६००
	जम्मा	**१२६०००**	**६१२००**	**३३६००**

३४. **कर्मचारी प्रोत्साहन खाजा खर्चः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६ मा स्थानीय सेवा शर्त तथा सुविधा सम्वन्धी आधारभुत सिद्धान्त र मापदण्ड संघिय कानुन वमोजिम हुने तथा दफा ८८ मा स्थानीय सेवाका कर्मचारीको शुरु तलव स्केल प्रदेश सरकारले तोके वमोजिम हुने र त्यसरी प्रदेश सरकारले नतोकेसम्म नेपाल सरकारले तोके वमोजिम हुने व्यवस्था छ । नगरपालिकाले नगरपरिषदको निर्णयानुसार नगरपालिकामा कार्यरत विभिन्न कर्मचारीहरुलाई प्रोत्साहन स्वरुप खाजा खाना दैनिक रु.२०० का दरले श्रावन देखि असार सम्म भत्ता बापत कुल रु. ३१,७३,६००/- वित्तिय समानिकरण चालु अनुदान शिर्षकबाट भुक्तानी भएको देखियो । उक्त सुविधा संघिय कानुनको सिद्धान्त र मापदण्ड अनुकुल नहुनेगरी खर्च लेखेको छ ।

३५. **शिक्षा क्षेत्रमा अनुदानः** नगरपालिकाले यस आर्थिक वर्षमा विभिन्न कार्यक्रमहरु मार्फत शैक्षिक गुणस्तर वृद्धि गर्न अनुदान वितरण गरेकोमा तपशिल बमोजिमको व्यहोरा देखिन आयो :

३५.१ **प्रोत्साहन भत्ताः** विद्यालय कर्मचारी र वालविकास सहयोगी कार्यकर्ताहरुको तलब भत्ता तथा सेवा सुविधा शर्सत कार्यक्रम तर्फ रहेकोमा नगरपालिकाले समानिकरण चालु शिर्षक बाट बजेट विनियोजन गरी निणर्य बमोजिम विद्यालय कर्मचारी र वालविकास सहयोगी कार्यकर्ता हरुलाई प्रोत्साहन स्वरुप मासिक रु १००० वितरण गरेको पाइयो । संघले सेवा सुविधा तोकेको कर्मचारीहरुलाई नगरपालिकाले निर्णय गरी प्रोत्साहन स्वरुप वितरण गरेको देखियो ।

गो.भौ.नं.	कार्य विवरण	रकम
६३	विद्यालय कर्मचारी र वालविकास स का प्रोत्साहन रकम	२८०२९०
२३३	विद्यालय कर्मचारी र वालविकास स का प्रोत्साहन रकम	२८२०००
६६५	विद्यालय कर्मचारी र वालविकास स का प्रोत्साहन रकम	५६४०००
	जम्मा	**११२६२९०**

३५.२ **शिक्षकलाई अनुदानः** शिक्षा नियमावली, २०५५ को नियम १०५ मा सामुदायिक विद्यालयले आफनै श्रोतबाट व्यहोर्ने गरी नियुक्त गरेको शिक्षकलाई दिइने तलब तथा अन्य सुविधा विद्यालय आफैले व्यहोर्नु पर्ने छ भनी उल्लेख छ । नगरपालिकाले अंग्रेजी माध्यम कक्षा सञ्चालन बापत करार स्वयंसेवक शिक्षकहरुको लागि विद्यालय खातामा रु.**४६९३८३९/-** अनुदान पठाएको छ ।

गो.भौ.नं.	कार्य विवरण	रकम
६३	करार स्वयंसेवक शिक्षकको तलब	११९०६३७
९०	करार स्वयंसेवक शिक्षकको तलब	४०००००
२१४	करार स्वयंसेवक शिक्षकको तलब	४०००००
२३३	करार स्वयंसेवक शिक्षकको तलब	१२०१५३६
२३५	करार स्वयंसेवक शिक्षकको तलब	३००००
२५८	करार स्वयंसेवक शिक्षकको तलब	१५००००
४३४	करार स्वयंसेवक शिक्षकको तलब	६१६६६
४८७	करार स्वयंसेवक शिक्षकको तलब	३००००
६३८	करार स्वयंसेवक शिक्षकको तलब	११७००००
७०६	करार स्वयंसेवक शिक्षकको तलब	६००००
	जम्मा	**४६९३८३९**

३५.३ **अनुदान** :नगरपालिकाले विभिन्न विद्यालयहरुलाई व्यवस्थापन खर्च, जस्तापाता छाउने कार्य, खानेपानी तथा सौचालय निर्माण, विद्यालय फिल्ड निर्माण, विद्युत जडान, शैक्षिक अवलोकन भ्रमण, राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन आदि जस्ता पूजिँगत कार्यहरु विभिन्न कार्यक्रम मार्फत नगरपालिकाले गरी रु. ४८,२५,३१८/- खर्च लेखेको देखियो । कस्ताकस्ता खर्च स्थानीयतहले गर्ने र कस्ता खर्च प्रदेशले र संघले गर्ने एकिनगरि यस्ता खर्च हुन पर्ने देखिन्छ ।

गो.भौ.नं.	विद्यालय नाम	कार्य विवरण	रकम
२८६	श्री सँस्कृत आ.वि.	सरसफाई	४००००
२९६	श्री जनता आ.वि.	पँखा जडान	३००००
३००	श्री सौँठा स्रोत केन्द्र	शैक्षिक अवलोकन भ्रमण प्र.अ.	१०००००
४१३	श्री रत्नडिक आ.वि.	कम्प्यूटर खरिद	७५०००
४२४	श्री सरस्वती मा.वि.	विद्यालय व्यवस्थापन खर्च	४०००००
४२५	श्री सरस्वती मा.वि.	विद्यालय सरसफाई	४००००
४४७	श्री सिद्धकाली मा.वि.	विद्युत जडान	४००००
४७७	श्री डोरिया आ.वि.	सरसफाई	६६०००
५३७	श्री कालिका आ.वि.	विद्यालय व्यवस्थापन खर्च	१५००००
५३८	श्री कालिका आ.वि.	विद्युत जडान	२५०००
५५३	श्री रत्नडिक आ.वि.	जस्तापाता छाउने काम	३६००००
५६८	श्री शारदा आ.वि.	विद्युत जडान	२५०००
५८५	श्री कट्नु आ.वि.	विद्युत जडान	४००००
५९०	श्री जनता आ.वि.	विद्युत जडान	२५०००
६२६	श्री दुर्गा मा.वि.	खानेपानी, सौचालय व्यवस्थापन	१५००००
६२९	श्री ओमकारेश्वर आ.वि.	विद्युत जडान	३२१४०
६३०	श्री महेन्द्र मा.वि.	खानेपानी, सौचालय व्यवस्थापन	२०००००
६४७	श्री पाथिभारा आ.वि.	विद्युत जडान	५००००
६४८	श्री सरस्वती मा.वि.	विद्युत जडान	७५०००
६४९	श्री जनकल्याण आ.वि.	विद्युत जडान	२५०००
६५०	श्री पाथिभारा आ.वि.	छाना लगाउने काम	१५००००
६६०	श्री रत्नडिक आ.वि.	विद्युत जडान	४००००

	६६२	श्री हिमालयण आ.वि.	खानेपानी, सौचालय व्यवस्थापन	१५००००	
	६६९	श्री सरस्वती मा.वि.	रनिङ्ग शिल्ड प्रतियोगिता	१२१४५७	
	७०१	एजाजिया मा.वि.	विद्युत जडान	२५०००	
	७०७	श्री ओमकारेश्वर आ.वि.	प्लेग्राउण्ड निर्माण	४६०००	
	७१०	श्री भिमेश्वर वेद विद्यालय	कम्पाउण्ड वाल निर्माण	२०००००	
	७१३	श्री सरस्वती मा.वि.	रनिङ्ग शिल्ड पुरस्कार	३००००	
	७१७	श्री पाथिभारा आ.वि.	फर्निचर खरिद	३००००	
	७३८	श्री लक्ष्मी आ.वि.	विद्युत जडान	३९२११	
	७३९	श्री मा.वि लेटी गोविन्दपुर	खानेपानी, सौचालय व्यवस्थापन	१२००००	
	७४१	श्री आ.वि. लारिकट्टा	खानेपानी, सौचालय व्यवस्थापन	५००००	
	७४२	श्री बाल विकास आ.वि.	खानेपानी, सौचालय व्यवस्थापन	६००००	
	७४३	श्री जनता मा.वि.	विद्युत जडान	१०००००	
	७४५	श्री जनता मा.वि.	कम्पाउण्ड वाल निर्माण	३०००००	
	७५४	श्री संस्कृत आ.वि.	कक्षा कोठा व्यवस्थापन	४७००००	
	७६५	श्री जनसेवा आ.वि.	विद्युत जडान	३३३३३	
	७६५	श्री महाराजथान आ.वि.	विद्युत जडान	३३३३३	
	७७२	श्री भानु मा.वि.	विद्युत जडान	३३३३३	
	७७४	श्री सौठा मा.वि.	खानेपानी, सौचालय व्यवस्थापन	६००००	
	७७८	विभिन्न	प्र.अ. अवकाश सुविधा	६२१७०	
	७७९	श्री जनता आ.वि.	विद्युत जडान	२५०००	
	७८०	श्री जनता आ.वि.	विद्युत जडान	४००००	
	७८१	श्री बाल विकास आ.वि.	विद्युत जडान	४००००	
	७९०	श्री सिजुवा मा.वि.	विद्यालय व्यवस्थापन	१०००००	
	७९१	श्री सरस्वती मा.वि.	खानेपानी, सौचालय व्यवस्थापन	४००००	
	७९३	मदरसा मभ्फहरु ईस्लाम	कर्कट पाता लगाउने काम	१०००००	
	८०७	श्री महेन्द्र आ.वि.	विद्युत जडान	७००००	
	८१६	श्री बि.पि.आ.वि.	विद्युत जडान	४००००	
	८१८	श्री भगवती आ.वि.	शौचालय निर्माण	६६६६६	
	८२२	श्री सुनवर्षी मा.वि.	विद्युत जडान	१२१६७५	
	८३४	श्री भानु आ.वि.	विद्युत जडान	४००००	
	८३५	श्री मा.वि. केन्द्र नं २	विद्युत जडान	४००००	
		जम्मा		**४८२५३१८**	
३५.५	**प्राविधिक धार कार्यक्रमः** २३५-०७५।९।११ नगरपालिकाले विद्यालयलाई अनुदान प्राविधिक धार कार्यक्रमबाट श्री महेन्द्र मा.वि. लाई रु. ५,००,०००/- निकासा दिएको देखियो । सो कार्यकमको लागि कार्यकम कार्यान्वयन पुस्तिका २०७५।७६ अनुसार रु.१० लाख कम्प्युटर ईन्जिनियरिङ ल्याव सहयोग अन्तर्गत संघिय बजेट बाट समेत निकासा भएकोले उक्त रकम असुल हुन पर्ने रु.					५०००००/-
३६.	**अवकाश शिक्षकलाई तलब** ७०८-०७६।३।१२ नगरपालिकाले नगरकार्यपालिकाको बैठकको निणर्यनुसार शैक्षिक सुधारको लागि विद्यालयमा अवकास भएको शिक्षकहरुलाई आधार मानी १९ वटा विद्यालयहरुमा जम्मा रु. ११,४७,८५०/- रकम अनुदान बापत भुक्तानी गरेको छ । शर्शत					

	कार्यक्रम तर्फ शिक्षकको तलब भत्ता प्रदान गरिने भएकोले यसरी निणर्य गरी शिक्षकहरुको तलब भत्ता प्रदान गर्न अनुदान दिएको अनियमित देखिएको ।	
३७.	**सिलाई कटाई मेसिनः** २३२-०७५।९।११ नगरपालिकाले लक्षित वर्ग कार्यक्रम अन्तर्गत न्यू सिंगर सिलाई मेसिन सप्लायर्सबाट १२ थान सिलाई मेसिन खरिद गरे बापत रु. १,७९,६९७।१२ भुक्तानी गरेको छ । उक्त सिलाई मेसिनको स्पेसिफिकेशन, लागत अनुमान तयार गरेको देखिएन । उक्त सिलाई मेसिनहरु जिन्सी दाखिला भएर वडा मा हस्तान्तरण भएको छ । वडावाट सम्वन्धितलाई उक्त सामान वितरण गरेको नदेखिएको रु.	१७९६९७/-
३८.	**सफ्टवेयर खरिदः** ८१-०७५।७।९ नगरपालिकावाट लागत अनुमान तयार नगरी चार वटा विद्यालयमा स्प्रा एकाडेमिक सिस्टमको सफ्टवेयर जडान गर्नको लागि सोझै **इम्पेटस टेक्नोलोजि प्रा. लि.**पान नं ६०६७४२५७१ संग सम्झौता गरी रु ५०००००/-भूक्तानी भएको देखियो । प्राविधिक सपोर्ट वापत दोस्रो वर्ष ५० प्रतिसत र त्यस पछिका बर्षहरुमा थप १० प्रतिसत कार्यालयवाट भुक्तानी हुने गरी सम्झौता भएकोमा उक्त फर्म **इम्पेटस टेक्नोलोजि प्रा. लि.** ले आ.ब. ०७४/०७५ को मात्र कर चुक्ता गरी २०७५ साल देखि नै आय विवरण तथा मूल्य अभिबृद्धि कर दाखिला नगरी नन फाइलर रहेको पाइयो । यस आर्थिक वर्षमा उक्त फर्म सँग लिएको संफटवेयर बेकामे भएकोले सम्झौता रद्दगरीएको कार्यालयले जनाएको छ, । नगरपालिकाले सरकारी रकम खर्च गर्दा दिर्घकालिन सोच राखि उपलब्धि मुलक क्षेत्रमा मात्र लगानी गर्नु पर्दछ ।	
३९.	आर्थिक कार्यविधि नियमावली, २०६४ परिच्छेद ९ अनुसार आर्थिक बर्षको अन्त्य सम्म फछ्र्यौट नभएको तपसिल अनुसारको पेश्की असुल फछ्र्यौट हुनु पर्ने रु	२५६००५/-

सि.नं.	खर्च शिर्षक	पेश्की लिनेको नाम	पेश्की रकम
१	विभिन्न	रतुवामाई नगरपालिका वडा नं. ६ कार्यालय	१६००५.००
२	२२५२२	कृषि कान्ती कृषक फर्म रतुवामाई ९	४००००.००
३	२२५२२	श्री माता पाथीभरा कृषि फर्म रतुवामाई ७	४००००.००
४	२२५२२	श्री मल्टी कृषि फर्म रतुवामाई १०	४००००.००
५	२२५२२	श्री सृष्टी कागती उत्पादन केन्द्र रतुवामाई १	४००००.००
७	२२५२२	श्री तनमन तरकारी खेती व्यवसाय रतुवामाई ३	४००००.००
८	२२५२२	श्री विशाल च्याउ उद्योग रतुवामाई ८	४००००.००
		जम्मा	२५६००५.००

४०.	**खुल्ला दिशामुक्त कार्यक्रमः** ९१-०७५।७।१४ नगरपालिकाले खुल्ला दिशामुक्त क्षेत्र नगर घोषणा कार्यक्रम गरेको भनी रु.५३,४८५/- लिलानाथ रेग्मीलाई विल भर्पाईको आधारमा भुक्तानी गरेको पाइयो । उक्त कार्यक्रम भएको प्रमाण कागजात, उपस्थित हाजिरी पेश नभएको खर्च अनियमित देखिएको रु.	५३४८५/-
४१.	**गाडी मर्मतः** नगरपालिकाले यस वर्ष सवारी साधन मर्मत शिर्षकबाट विभिन्न मितिमा बा-१-झ-९३४८ नम्बरको गाडी मर्मत गरे बापत रु. ९,७६,१४९/- खर्च गरेको पाइयो । पटक पटक मर्मत गर्नुपर्ने गाडीको सञ्चालन खर्च अत्यधिक देखिएकोले यस्तो खर्च नियन्त्रण गर्नुपर्ने देखिन्छ ।	
४२.	**मोती माला तालिमः** ५८४-०७६।२।१७ नगरपालिकाले लक्षित कार्यक्रम अन्तर्गत वडा नं. १० का महिलाहरुलाई १० दिने मोती माला बनाउने तालिम सञ्चालन गरेको भनी वडा नं १० को कार्यालयलाई रु. १,००,०००/- भुक्तानी गरेको छ । उक्त तालिम भएको प्रमाण कागजात, प्रशिक्षक विवरण, कार्यपत्र, सहभागी छनौट जस्ता कागजात पेश हुन नआएकोले तालिम भए नभएको एकिन हुन सकेन । यस्तो विशेष शिप तथा क्षमता भएका तालिमहरु सञ्चालन गर्न सक्षम संस्था छनौट गर्नु पर्दछ ।	
४३.	**डोजर इन्धन खर्चः** नगरपालिकाले यस वर्ष इन्धन खर्च शिर्षकमा रु. २८,०३,७००/- खर्च	

	गरेको छ । उक्त इन्धन खर्चको लग बुक राखेको नपाइएकोले डोजरको इन्धन खपत तथा अन्य सवारी साधनको इन्धन खपत छुट्टीएको पाइएन । डोजरको मर्मत तथा इन्धन बापत नगरपालिकामा पर्याप्त खर्च भएको देखिन्छ तर डोजरबाट कार्यालयलाई आय आर्जन भएको देखिएन । कार्यालयको कार्यमा डोजर प्रयोग हुँदा इन्धन खपत भएको भनी नगरपालिकाले जनाएता पनी कुन योजनामा के कती काम डोजरबाट भएकोहो सोको अध्यावधिक कामको परिमाण खुल्ने विवरण इन्धन खपत भएको लगसिट आदि पेश भएन । नगरपालिकाले डोजर प्रयोग गर्दा भएको इन्धन खर्चको लग बुक तथा खर्च प्रमाणित गर्ने कामको लागतअनुमान तथा सोको नापी राख्नु पर्दछ ।	
	नगरपालिका पूजिँगत	
४४.	**ठेक्काको अभिलेख**:आर्थिक कार्यविधि नियमावली, २०६४ को परिच्छेद –११ को नियम ९२ अनुसार प्रत्येक कार्यालयले विनियोजन, राजस्व, धरौटी, जिन्सी र अन्य आम्दानी खर्चको लेखा महालेखापरीक्षकको विभागबाट स्वीकृत ढांचामा राख्नुपर्ने छ । लेखा भिड्ने प्रमाणित कागजातहरु पनि सिलसिलाबद्ध तरिकाले राख्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले गत विगत वर्षमा के कति कामको ठेक्का पट्टा भएको थियो । ती ठेक्का मध्ये के कति भुक्तानी भई कति भुक्तानी हुन वांकी रहेको छ, ठेक्का भएको निर्माणको निर्माण सम्पन्न हुने अवधि, भुक्तानी मिति, वैंक ग्यारेन्टी र विमाको म्याद खुल्ने विवरणको(म.ले.प.फा.नं.१९०) अभिलेख जस्ता निर्माण कार्यको प्रमाणीत गर्ने अभिलेखहरु कार्यालयले राख्ने गरेको देखिएन । यी अभिलेखको अभावमा ठेक्काको म्याद वैंक ग्यारेन्टीको र विमाको म्याद, ठेक्कामा हालसम्म कति भुक्तानी भयो र कति भुक्तानी हुन वांकी छ सो सम्वन्धि जानकारी नहुने हुंदा, वैंक ग्यारेन्टी र विमाको कभरेज नहुने र अभिलेखको अभावमा एउटै कामको दोहोरो विल पेश भई भुक्तानी हुन सक्ने हुंदा नियमानुसार राख्नु पर्ने यस्तो अभिलेख राख्नुपर्ने देखिन्छ ।	
४५.	**नापी कितावः** कार्यालयले वहुवर्षिय आयोजनाको कार्य को निर्माण व्यवसायीलाई रनिङ्ग विल भुक्तानी गर्दा नापि कितावको आधारमा भुक्तानी दिने व्यवस्था रहेको छ । परीक्षण गरिएका संलग्न गोश्वारा भौचर संग संलग्न फाटवारीमा निर्माण व्यवसायीले कार्य गरेपछि भुक्तानी प्रयोजनको लागि कम्प्युटरवाट छुटा छुटै लुज नापी सिट समावेश गरी रकम भुक्तानी दिने गरेको देखियो । कामको एकिकृत नापी देखिने अभिलेख नहुनाले दोहोरो विल तयार गरि निर्माण व्यवसायीलाई भुक्तानी हुन सक्ने जोखिम रहेको छ । तसर्थ कार्य सम्पन्न भएपछि भुक्तानी दिएको कम्प्युटरवाट तयार भएको लुज सिट वाइन्डिङ गरि सोही आधारमा एकिकृत नापी अभिलेख तयार हुनु पर्दछ ।	
४६.	**लागत सहभागिता –** नगरपालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने व्यवस्था गरिएको छ । कार्यालयले उक्त व्यवस्था अनुसार विभिन्न आयोजना/कार्यक्रम सञ्चालन गर्ने क्रममा सार्वजनिक खरिद नियमावली तथा नगरपालिकाले लागू गरेको कार्यविधिको उक्त व्यवस्था अनुसार नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिएको पाइएन । कार्यालयले यस वर्ष विभिन्न ३०९ वटा विकास निर्माण तथा पूर्वाधार योजनामा रु.२२ करोड १७ लाख १९ हजार खर्च गरेको भए तापनि ती कुनै पनि आयोजनाका उपभोक्ता समितिबाट नगद सहभागिता व्यहोरेको पाइएन । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।	
४७.	**हेभी इक्विपमेण्टको प्रयोग –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन	

	प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । नगरपालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको छ । नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगरपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन ।	
४८.	**क्रमागत योजना**ः–सार्वजनिक खरिद नियमावली,२०६४को नियम ७ अनुसार सार्वजनिक निकायले एक वर्ष भन्दा बढी अवधि सम्म सञ्चालन हुने योजनाको खरिद कार्य कार्य गर्दा खरिदको गुरुयोजना बनाउनु पर्ने उल्लेख छ । नगरपालिकाले मञ्च निर्माण सौंठा वडा नं.६ को तला थप योजनाको काम गर्न उपभोक्ता समितिसंग २०७५/१२/३० सम्ममा सम्पन्न गर्ने गरी २०७५/२/३१ मा सम्झौता भएको कामको यस वर्ष रु.२६,४२,१०५/-भुक्तानी गरेको छ । एक भन्दा बढी वर्षमा सम्पन्न गरीने कामको गुरुयोजना तयार नगरी बहुबर्षे सम्झौता गरी उपभोक्ता समितिवाट कार्य गराएको छ ।	
४९.	**ढुवानी करः-** आयकर ऐन, २०५८ को दफा ८८ अनुसार ढुवानी सेवा शुल्कमा २.५ प्रतिशतका दरले कर कट्टा गर्नुपर्ने व्यवस्था छ । विभिन्न उपभोक्ता समितिवाट भएका निर्माण सम्वन्धि कार्यको विल साथ पेश भएको देहाय अनुसारका संस्थाहरुले ढुवानी सम्वन्धि कार्यको रु.२०,०००/- भन्दा कमको प्यान विल पेशगरी खर्च रु.३,३४,७५,२७०/-को १.५ प्रतिशतले मात्र कर कट्टा गरेको छ । कानुन अनुसार विल रकमवाट कट्टा गर्न छुट भएको १ प्रतिशत रकम रु.३,३४,७५२/-असूल गरी सम्बन्धित संघिय संचित कोषमा दाखिला गर्नुपर्ने रु.	३३४७५२/-

भौ.नं.	व्यवसायीको नाम	भुक्तानी	१ प्रतिशत कर
२८-०७५/७/१५	वि.पि.एल ढुवानी	३५१०००	३५१०
११८-०७५/११/७	वि.पि.एल ढुवानी	१७४८४५	१७४८
१६६-०७५/१२/२४	वि.पि.एल ढुवानी	१७५५००	१७५५
२०३-०७६/१/१७	वि.पि.एल ढुवानी	२७३९४६	२७३९
२३४-०७६/२/३	वि.पि.एल ढुवानी	२५३५००	२५३५
२३८-०७६/२/२८	वि.पि.एल ढुवानी	९७५००	९७५
२५८-०७६/२/२८	वि.पि.एल ढुवानी	११२५३३	११२५
३७१-०७६/३/२९	वि.पि.एल.ढुवानी	३९०००	३९०
३६९-०७६/३/२८	वि.पि.एल.ढुवानी	५९४०००	५९४०
वि.पि.एल.ढुवानीको जम्मा		**२०७१८२४**	**२०७१७**
३४-०७५/७/१९	ॐसाईराम ट्रेडर्स	१९५०००	१९५०
१२२-०७५/११/९	ॐसाईराम ट्रेडर्स	५०७०००	५०७०
१३१-०७५/११/२६	ॐसाईराम ट्रेडर्स	४२७६८०	४२७७
१४६-०७५/११/३०	ॐसाईराम ट्रेडर्स	२९२५००	२९२५
१८१-०७६/१/३	ॐसाईराम ट्रेडस	२७३०००	२७३०
१९८-०७६/१/१५	ॐसाईराम ट्रेडस	२७३०००	२७३०
२२०-०७६/१/३१	ॐसाईराम ट्रेडस	१३६५००	१३६५
२२५-०७६/२/१	ॐसाईराम ट्रेडस	३५१०००	३५१०
२३२-०७६/२/२	ॐसाईराम ट्रेडस	५६०००	५६०
३५०-०७६/३/२६	ॐसाईराम ट्रेडर्स	६८३२६६	६८३३
३५३-०७६/३/२६	ॐसाईराम ट्रेडर्स	११७६००	११७६

		३६९-०७६/३/२८	ॐसाईराम ट्रेडर्स	६३३६६७	६३३७		
		३९४-०७६/३/३१	ॐसाईराम ट्रेडर्स	१५६२००	१५६२		
		३९६-०७६/३/३१	ॐसाईराम ट्रेडर्स	३३५७३४	३३५८		
			ॐसाईराम ट्रेडर्सको जम्मा	**४४३८१४७**	**४४३८३**		
		३४-०७५/७/१९	राजारानी निर्माण सेवा	१९५०००	१९५०		
		१४६-०७५/११/३०	राजारानी निर्माण सेवा	३९०००	३९०		
		१५६-०७५/१२/११	राजारानी निर्माण सेवा	१५२४००	१५२४		
		१८१-०७६/१/३	राजारानी निर्माण सेवा	२९२५००	२९२५		
		२२५-०७६/२/१	राजारानी निर्माण सेवा	२९२५००	२९२५		
		३६९-०७६/३/२८	राजारानी निर्माण सेवा	१५८४००	१५८४		
		३९१-०७६/३/३१	राजारानी निर्माण सेवा	२३४०००	२३४०		
		३९७-०७६/३/३१	राजारानी निर्माण सेवा	२२५७३४	२२५८		
			राजारानी निर्माण सेवाको जम्मा	**१५८९५३४**	**१५८९६**		
		३४-०७५/७/१९	पूर्वाञ्चल सप्लायर्स	१९५०००	१९५०		
		१८१-०७६/१/३	पूर्वाञ्चल सप्लायर्स	२७३०००	२७३०		
		२२५-०७६/२/१	पूर्वाञ्चल सप्लायर्स	५४६०००	५४६०		
		२७३-०७६/३/३	पूर्वाञ्चल सप्लायर्स	१३६९३	१३७		
		२८८-०७६/३/१२	पूर्वाञ्चल सप्लायर्स	५२६५३४	५२६५		
		२९१-०७६/३/१३	पूर्वाञ्चल सप्लायर्स	१४४०००	१४४०		
		३६९-०७६/३/२८	पूर्वाञ्चल सप्लायर्स	६३३६६७	६३३७		
			पुर्वाञ्चल सप्लायर्सको जम्मा	**२३३१८९४**	**२३३१९**		
		३४-०७५/७/१९	थापा ढुवानी सेवा	१३६५००	१३६५		
		११३-०७५/१०/२९	थापा ढुवानी सेवा	४८७५००	४८७५		
		१३३-०७५/११/२६	थापा ढुवानी सेवा	२३४०००	२३४०		
		१४६-०७५/११/३०	थापा ढुवानी सेवा	४०९५००	४०९५		
		१५३-०७५/१२/४	थापा ढुवानी सेवा	४३५६००	४३५६		
		२१०-०७६/१/२	थापा ढुवानी सेवा	२५७४३९	२५७४		
		२१६-०७६/१/२९	थापा ढुवानी सेवा	३७०५००	३७०५		
		२३४-०७६/२/३	थापा ढुवानी सेवा	२९२५००	२९२५		
		२६२-०७६/२/३०	थापा ढुवानी सेवा	५६५५००	५६५५		
		३०९-०७६/३/१९	थापा ढुवानी सेवा	५६२५३४	५६२५		
		३४१-०७६/३/२५	थापा ढुवानी सेवा	१५८४००	१५८४		
		३४३-०७६/३/२५	थापा ढुवानी सेवा	२६८२००	२६८२		
		३४८-०७६/३/२६	थापा ढुवानी सेवा	४३१०००	४३१०		
		३५३-०७६/३/२६	थापा ढुवानी सेवा	१९६०००	१९६०		
		३७१-०७६/३/२९	थापा ढुवानी सेवा	१७५५३४	१७५५		
		९-०७६/३/२५	थापा ढुवानी सेवा	५३४६००	५३४६		
			थापा ढुवानी सेवाको जम्मा	**५५१५३०७**	**५५१५२**		
		११३-०७५/१०/२९	केदेम ढुवानी सेवा	४८७५००	४८७५		

	१४३-०७५/११/२९	केदेम ढुवानी सेवा	२७३०००	२७३०		
	१४६-०७५/११/३०	केदेम ढुवानी सेवा	२१४५००	२१४५		
	१७८-०७५/१२/२६	केमेद ढुवानी सेवा	५४६०००	५४६०		
	२१६-०७६/१/२९	केदेम ढुवानी सेवा	६०४५००	६०४५		
	२३४-०७६/२/३	केदेम ढुवानी सेवा	२९२५००	२९२५		
	२६२-०७६/२/३०	केदेम ढुवानी सेवा	५०७०००	५०७०		
	२६९-०७६/३/१	केदेम ढुवानी सेवा	३६१५३४	३६१५		
	३०९-०७६/३/१९	केदेम ढुवानी सेवा	४८७५३४	४८७५		
	३४३-०७६/३/२५	केदेम ढुवानी सेवा	५१४६६	५१५		
	३४८-०७६/३/२६	केदेम ढुवानी सेवा	३९००००	३९००		
	३५३-०७६/३/२६	केदेम ढुवानी सेवा	१९६०००	१९६०		
	३७१-०७६/३/२९	केदेम ढुवानी सेवा	२३४०००	२३४०		
	९-०७६/३/२५	केदेम ढुवानी सेवा	९९००००	९९००		
		केदेम ढुवानी सेवाको जम्मा	**५६३५५३४**	**५६३५५**		
	११८-०७५/११/७	भोलेबाबा सप्लायर्स	१९७२७२	१९७३		
	२०३-०७६/१/१७	भोलेनाथ सप्लायर्स	३९१२५	३९१		
	२३८-०७६/२/२८	भोलेनाथ सप्लायर्स	५८५००	५८५		
	३६२-०७६/३/२८	भोलेनाथ सप्लायर्स	१४२५३४	१४२५		
	३७१-०७६/३/२९	भोलेनाथ सप्लायर्स	७८०००	७८०		
		भोलेनाथ सप्लायर्सको जम्मा	**५१५४३१**	**५१५४**		
	१४६-०७५/११/३०	यूगल कन्ष्ट्रक्सन	१३६५००	१३६५		
	१९२-०७६/१/९	यूगल कन्ष्ट्रक्सन	३३४४७५	३३४५		
	१९८-०७६/१/१५	यूगल कन्ष्ट्रक्सन	१११०००	१११०		
	२१०-०७६/१/२	यूगल कन्ष्ट्रक्सन	११६८३७७	११६८४		
	२८६-०७६/३/१२	यूगल कन्ष्ट्रक्सन	१६१५३४	१६१५		
	२९२-०७६/३/१३	यूगल कन्ष्ट्रक्सन	४००५३४	४००५		
	३६९-०७६/३/२८	यूगल कन्ष्ट्रक्सन	९९०००	९९०		
		यूगल कन्स्ट्रक्सनको जम्मा	**२४११४२०**	**२४११४**		
	२६६-०७६/३/१	महिमा सप्लायर्स	४४८५००	४४८५		
	३९१-०७६/३/३१	महिमा सप्लायर्स	११७०००	११७०		
	३९४-०७६/३/३१	महिमा सप्लायर्स	५८५३४	५८६		
	३९६-०७६/३/३१	महिमा सप्लायर्स	६६१३४	६६२		
		महिमा कन्स्ट्रक्सनको जम्मा	**६९०१६८**	**६९०३**		
	२७६-०७६/३/३	उप्रेती सप्लायर्स	१७५५३४	१७५५		
	३६९-०७६/३/२८	उप्रेती सप्लायर्स	६३३६००	६३३६		
		उप्रेतीको जम्मा सप्लायर्स	**८०९१३४**	**८०९१**		
	२७७-०७६/३/५	मामा भाञ्जा सप्लायर्स	१३७७२४	१३७७		
	३५०-०७६/३/२६	मामा भाञ्जा सप्लायर्स	२३४२६७	२३४३		
	३५१-०७६/३/२६	मामा भाञ्जा सप्लायर्स	२२६५३४	२२६५		

३६१-०७६/३/२८	मामा भाञ्जा सप्लायर्स	२१९७३४	२१९७
३९१-०७६/३/३१	मामा भाञ्जा सप्लायर्स	१९५०००	१९५०
	मामा भाञ्जा सप्लायर्सको जम्मा	**१०१३२५९**	**१०१३२**
३५३-०७६/३/२६	गौतम ढुवानी सेवा	१५६८००	१५६८
३६९-०७६/३/२८	गौतम ढुवानी सेवा	६३३६६७	६३३७
	गौतम ढुवानी सेवाको जम्मा	**७९०४६७**	**७९०५**
३६९-०७६/३/२८	एस एस सप्लायर्स	६५३४००	६५३४
३७४-०७६/३/२९	एस एस सप्लायर्स	९१२००	९१२
	एस एस सप्लायर्सको जम्मा	**७४४६००**	**७४४६**
१५६-०७५/१२/११	भट्टराई ट्रेडर्स एण्ड सप्लायर्स	२८५७५०	२८५७
३७४-०७६/३/२९	भट्टराई ट्रेडर्स एण्ड सप्लायर्स	४१३१३४	४१३२
	भट्टराई ट्रेडर्स एण्ड सप्लायर्सको जम्मा	६९८८८४	६९८९
१६-०७५/७/९	आर एस स्टोर्स	३७०५००	३७०५
२९-०७५/७/१५	आर एस स्टोर्स	४६८०००	४६८०
	आर एस स्टोर्सको जम्मा	८३८५००	८३८५
१६८-०७५/१२/२४	एसिका ढुवानी सेवा	४९२५००	४९२५
२२५-०७६/२/१	एसिका ढुवानी सेवा	१७०००	१७०
	एसिका ढुवानी सेवाको जम्मा	५०९५००	५०९५
३०-०७५/७/१५	तपस्या हार्डवेयर	४२९०००	४२९०
३१-०७५/७/१५	दहाल कन्स्ट्रक्सन	४०९५००	४०९५
१५६-०७५/१२/११	जय पाथीभरा निर्माण सेवा	२२८६००	२२८६
२१०-०७६/१/२	आभास ट्रेडर्स	२१७८३३	२१७८
३०९-०७६/३/१९	कुलदेवता ढुवानी सेवा	४२१५३४	४२१५
३१०-०७६/३/२०	शिव निर्माण सेवा	१००४४००	१००४४
३९७-०७६/३/३१	सन्तोष निर्माण सेवा	१६०८००	१६०८
	कुल जम्मा	३३४७५२७०/-	३३४७५२/-

५०.	**मूल्य अभिबृद्धि करः-** सडक निर्माण गर्नेकाममा खोलाको ग्राभेल, वालुवा, ढुङ्गा सप्लाई बापत कार्यालयवाट दर बिश्लेषण गर्दा मूल्य अभिवृद्धि कर समेत समावेश गरी दर निर्धारण गरेको देखियो । मूल्य अभिवृद्धि कर लाग्ने सामानको आपूर्ति गर्दा कानुनले तोके अनुसारको ढाँचामा कर विजक जारी गर्नु पर्ने व्यवस्था छ । माथि उल्लेखित २३ सप्लायर्सले मूल्य अभिबृद्धि कर लाग्ने सामानको प्यान विल मात्र समावेस गरि रु ३,३४,७५,२७०/-को १३ प्रतिशत रकम उपरोक्त बमोजिम उपभोक्ताको नाममा भूक्तानी भएको रकम अशुल गर्नु पर्ने रु	३८५११३७/-
५१.	मूल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम ६ अनुसार बस्तुको हकमा ५० लाख र वस्तु तथा सेवा मिश्रीत कारोवारमा र सेवाको हकमा २० लाख भन्दा माथिको कारोवार गर्ने व्यक्तीले आफनो कारोवार मूल्य अभिबृद्धि करमा दर्ता गराउनु पर्ने व्बस्था रहेको छ । यसैगरी नियम ६ (क) अनुसार सरकारी निकाय सार्बजनिक संघसंस्था वा दर्ता भएको व्यक्तीले वार्षिक ५ लाख भन्दा बढीको ठेक्का पट्टा दिदा वा परामर्श सेवा लिदा दर्ता भएको व्यक्ती संग मात्र गर्नु पर्ने छ ।	
५२.	**मूल्य अभिबृद्धि करमा दर्ता नभएकोः–** मूल्य अभिबृद्धि कर नियमावली २०५३ को नियम ६ अनुसार बस्तुकोहकमा ५० लाख र वस्तु तथा सेवा मिश्रीत कारोवारमा र सेवाको हकमा २०	

	लाख भन्दा माथिको कारोवार गर्ने व्यक्तीले आफनो कारोवार भूल्यअभिबृद्धि करमा दर्ता गराउनु पर्ने व्यबस्था रहेको छ । वार्षिक २० लाख भन्दा बढीको कारोवार गर्ने देहायका संस्थाहरुले विभिन्न उपभोक्ता समितिहरुवाट यस कार्यालय संग सम्वन्धित काममा प्रयोग भएका विभिन्न निर्माण सामग्रि ढुवानी गरी भुक्तानी लिंदा प्यान विल प्रयोग गरेको छ । उक्त कारोवार गर्ने मध्ये थापा ढुवानी सेवाले पेश गरेको विलमा उल्लेख गरेको प्यान नंवर ६०८३९२४९९मा दर्ता समेत भएको देखिएन । वार्षिक कारोवार २० लाख भन्दा वढीको कारोवार गर्ने संस्था अनिवार्य मूल्य अभिवृद्धि करमा दर्ता नभई कारोवार गर्ने गरेको देखिएकोले अनियमित भएको । गलत प्यान नम्वर प्रयोग गर्ने एवं नियमानुसार कारोवार नगर्नेलाई सम्वन्धित निकाय वाट कानुनी कार्यवाही भई ठहरे बमोजिमको मूल्य अभिबृद्धि कर समायोजन भएको प्रमाण प्राप्त गरी नियमित गर्नु पर्ने रु.	२३२३८०२६/-

संस्थाको नाम	प्यान नंवर	कारोवार रकम	अवस्था
वि.पि.एल.ढुवानी	६०३८६४४३२	२०७१८२४	भ्याट दर्ता नभएको
ॐसाईराम ट्रेडर्स	६०१३२२८७७	४४३८१४७	भ्याट दर्ता नभएको
पुर्वाञ्चल सप्लायर्स	६०६२३९८७३	२३३१८९४	भ्याट दर्ता नभएको
थापा ढुवानी सेवा	६०८३९२४९९	४९८०७०७	प्यान नं. नमिलेको
केदेम ढुवानी सेवा	३०४७०८०४८	४६४५५३४	भ्याट दर्ता नभएको
राजारानी निर्माण सेवा	६०४३२६८७८	२३५८५००	भ्याट दर्ता नभएको
यूगल कन्स्ट्रक्सन		२४११४२०	
जम्मा		**२३२३८०२६**	

५३.	**अन्य संस्थाको प्यान प्रयोगः-**(भौ.नं.३१७–०७६/३/२२)सौंठा बहुमुखी क्याम्पस रतुवामाई ६ को तला थप कार्य गर्दाको पेश गरेको शम्भु फर्निचर उद्योग को विलमा उल्लेख गरेको प्यान नम्वर ३०२८४९५७४ मा स्वयम्भु फर्निचर उद्योग दर्ता भएको छ । अर्काको प्यान नम्वर प्रयोग गरी कारोवार गर्नेलाई सम्वन्धित निकाय वाट कानुनी कार्यवाही भई ठहरे बमोजिमको कर समायोजन भएको प्रमाण प्राप्त गरी नियमित गर्नु पर्ने रु.	२६४४०/-
५४.	**सहकारी संस्थाको भवन निर्माणलाई अनुदानः–**(भौ.नं.१७७–०७५/१२/२६) मदनग्राम तरकारी तथा फलफुल उत्पादक सहकारी संस्था लि.रतुवामाई लाई रु.३,००,०००/- अनुदान दिएको छ ।	
५५.	**विद्यालयको खर्चः-** विद्यालयकालागि आवश्यक पर्ने शिक्षक तलव लगायत सम्पुर्ण रकम संघिय सरकारवाट बेहोरिने व्यवस्था छ । यस वर्ष नगरपालिकावाट देहायका विद्यालयहरुलाई कम्प्यूटर खरिद, शौचालय निर्माण,तला थप जस्ता कार्यकालागि रु.२१,००,०००/- खर्च लेखेको छ । संघिय निकाय तथा प्रदेशवाट समेत बेहोरिने यस्ता प्रकारका कार्यमा नगरपालिकावाट समेत खर्च गरींदा एउटै कामकालागि दोहोरो खर्च लेखेको हुन सक्तछ । दोहोरो खर्च नहुने व्यवस्था मिलाई खर्च गर्ने आधार नगरपालिकाले अवलम्वन गर्नु पर्दछ ।	

सि. नं.	भौ.नं	योजना	प्रयोजन	रकम
१	९०-०७५/९/११	श्री हिमालय आधारभुत विद्यालय	कम्प्यूटर खरिद	५०००००
२	११२-०७५/१०/२९	भगवती मा.विद्यालय, रतुवा माई	शौचालय निर्माण	१०००००
३	११६-०७५/११/१ १८२-०७६/१/४	क्याम्पस भवन निर्माण, सौंठा	तला थप	१५०००००
			जम्मा	२१,००,०००

५६.	**बिमा नगरेकोः**परामर्श सेवा खरिदमा परामर्शदाताले सम्झौता गरेको तिस दिन भित्र सम्झौताको	

	कुल रकमको सबै किसिमको जोखिम व्यहोर्ने गरि सार्बजनिक निकायलाई निशर्त भूक्तानी हुने पेशागत दायित्व विमा प्रोफेसनल लायविलिटी ईन्सोरेन्स) गराउनु पर्ने व्यबस्था रहेकोमा कुनै पनी परामर्शदाताले यस्तो विमा गरेको देखिएन ।	
५७.	**सवारी साधन खरिदः-**यस वर्ष नगरपालिकाले समानिकर अनुदानबाट देहाय अनुसारको सवारी साधन खरिद गरी रु.५७,७६,५००/- खर्च गरेको छ ।	

सि.नं.	भौ.नं.	सवारी साधन	संख्या	रकम
१	१०५-०७५/१०/१७	मोटर साईकल एफ.जेड	७	१९२३६००
२	२४१-०७६/२/१३	होण्डा एभिएटर स्कुटर	१	२०२९००
३	२८०-०७६/३/६	पिकअप टाटा	१	३६५००००
		जम्मा		**५७,७६,५००/-**

	मर्मत सम्भार कोष	
५८.	**मर्मत सम्भार कोष** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (३) मा सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने, सोही नियमावलीको उपनियम (१५) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले सम्पन्न आयोजनाको सेवा उपयोग गरे वापत उपभोक्ताले तिर्नुपर्ने सेवा शुल्क तोकी शुल्क जम्मा गर्ने कुनै कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन तथा मर्मत, सम्भार गर्नुपर्ने व्यवस्था रहेको छ ।सम्पन्न आयोजना मर्मत सम्भारका लागि उपभोक्ता समितिहरुले मर्मत सम्भार कोषको व्यवस्था गरेको पाइएन । अतः निर्मित आयोजनाहरुको सु-सञ्चालन तथा दिगोपनाको लागि मर्मत सम्भार कोषको व्यवस्था गरिनुपर्दछ ।	
५९.	**सोझै खरिद** : सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्दा सिमित हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्नु नहुने ब्यवस्था छ । सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ (१ ख) मा एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी रु ५०००००.०० भन्दा बढी रकमको एउटै फर्म, व्यक्ति, कम्पनी वा संस्थावाट सोझै खरिद गर्न नहुने ब्यवस्था छ । यसैगरि ऐनको दफा ६६को विशेष परिस्थिति उत्पन्न भईकाम गर्नु पर्ने अबस्था भएका नियमावलीको नियम १४५ अनुसारको कार्यविधि अनुसार खरिद गर्नु पर्ने व्यबस्था रहेको छ । नगर कार्यपालिकाको मिति २०७५।६।२०को निर्णय अनुसार मर्मत कार्यको समर्थन भएको देखिन्छ तथापि आर्थिक कार्यविधि (पहिलो संशोधन) नियमावली २०७५ को नियम ७६ (१) मा कार्यालयले सोझै विक्रेतालाई भुक्तानी गर्नु पर्ने व्यवस्था रहेको छ । नगरपालिकाले तपसिल अनुसारमा फर्महरुवाट सिमाभन्दा बढीको सोझै खरिद भएको फर्मका पटक पटकका पान विलको रकम सम्बन्धित फर्मको नाममा भुक्तानी नगरी अर्कै व्यक्तिको नाममा भूक्तानी गरेको छ । नगरपालिले कार्यक्रम स्वीकृत नगरि, प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा गरी सिमाभन्दा बढी सोझै खरिद गरेको देखिएयो ।, आन्तरिक राजश्व कार्यालयमा दर्ता नभएका फर्म संग खरिद भएको,सम्वन्धित सप्लायर्सलाई सिधै भूक्तानी नगरिव्यक्तिको नाममा तपसिल अनुसारको रु १,०१,२७,९१९/- भूक्तानी गरेको उचित देखिएन ।	

फर्मको नाम	भूक्तानी पाउनेको नाम	प्यान नंम्वर	भूक्तानी रकम
आर. एस. स्टोर रतुवामाई	ज्ञान बहादुर थापा	६०१८१५३४४	८१४९७६
तपश्या हार्डवेयर	ज्ञान बहादुर थापा	३०५१०७३१०	४१६६११
केदेम ढुवानी सेवा	ज्ञान बहादुर थापा	३०४७०८०४८	३९८८४२
थापा ढुवानी सेवा	ज्ञान बहादुर थापा	६०८३९२४९९	८३३९५३
दहाल हार्डवेयर	ज्ञान बहादुर थापा	३०५५००६६५	१०५४७५६
ज्ञान बहादुर थापाको जम्मा			**३५१९१३८**
वि.पि.एल ढुवानी सेवा	जनक बहादुर पौडेल	६०३८६४४३२	१००२८२०

मामा भान्जा निर्माण सेवा	जनक बहादुर पौडेल	६०६८५२२७८	१३०२९२३
जे.के कष्टक्सन एण्ड ढुवानी सेवा	जनक बहादुर पौडेल	६०६६२९६९२	६६९८९८
भोलेनाथ सप्लायर्स	जनक बहादुर पौडेल	६०६८५२२७८	२३२६००
जनक बहादुर पौडेलको जम्मा			**३२०८२४१**
दहाल हार्डवेयर	दुर्गा सुव्वा केदेम	३०५५००६६५	४०४६२४
केदेम ढुवानी सेवा	दुर्गा सुव्वा केदेम	३०४७०८०४८	१०६२०१६
भोलेनाथ सप्लायर्स	दुर्गा सुव्वा केदेम	६०६८५२२७८	६४७३६६
थापा ढुवानी सेवा	दुर्गा सुव्वा केदेम	६०८३९२४९९	४१९२४५
दुर्गा सुव्वा केदेमको जम्मा			**२५३३२५२**
राजारानी निर्माण सेवा प्रा.लि	गोविन्द बहादुर खत्री	६०४३२६८७८	९६१२१
राजारानी निर्माण सेवा प्रा.लि	रमेश प्रसाद गौतम	६०४३२६८७८	४८५९२१
राजारानी निर्माण सेवा प्रा.लि	डिल्लि कटुवाल	६०४३२६८७८	१५४२७३
भोलेनाथ सप्लायर्स	हेमलाल सापकोटा	६०६८५२२७८	५८७३०
प्राईम आर के आर कष्ट्रक्सन प्रा.लि.	जीवन कुमार खड्का	६०६७९२०६८	७२२४३

६०. मूल्य अभिबृद्धि कर नियमावली, २०५३ परिच्छेद ११ को नियम ५६ अनुसार नेपाल सरकार संबैधानीक निकाय वा प्रदेश वा नेपाल सरकार वा प्रदेश अन्तर्गतको कुनै सरकारी निकाय वा संगठित संस्था वा स्थानीय तहले नेपाल भित्र एक पटकमा २० हजार भन्दा बढीको कर लाग्ने बस्तु वा सेवाको खरिद गर्दा कर दर्ता भएको व्यक्ती संगमात्र गर्नु पर्ने व्यबस्था रहेको छ । कार्यालयवाट भुक्तानी भएको दाहाल हार्डवेयर इटहरा ७ को विलमा उल्लेखित पान नम्वर ३०५५००६६५आर्को फर्मको नाममा दर्ता रहेको र थापा ढुवानी सेवाको विलमा उल्लेखित पान नम्वर ६०८३९२४९९ आन्तरिक राजश्व कार्यालयमा दर्ता भएको देखिएन । मामा भान्जा निर्माण सेवा भ्याटमा दर्ता भएको भएतापनि कर विजक जारी नगरेको र ननफाईलर देखिएको,जे.के कष्ट्रक्सनको मूल्यअभिबृद्धि कर दर्ता भएको भए पनि प्यान विल जारि गरेको देखियो । नियमानुसार विल जारी नगर्ने फर्म उचित कानुन वमोजिम कारवाही हुनुपर्दछ ।

६१. **कार्य सम्पादन जमानत** : सार्वजनिक खरिद ऐन, २०६३को दफा २७(४) अनुसारको कार्य सम्पादन जमानत सार्बजनिक खरिद नियमावली २०६४ को नियम ११०(४) अनुसार सम्झौतामा उल्लेखित सामसामान आपूर्ति वा हस्तान्तरण गर्नु पर्ने अन्तिम अवधि वा निर्माण कार्यको त्रूटी सच्याउने दायित्वको अवधि भन्दा कम्तिमा १ महिना बढी अवधि भएको जमानत पेश गर्नु पर्ने व्यबस्था रहेको छ । नियममा तोकिए बमोजिमको अवधि रहेको जमानत राखेको देखिएन ।

कामको नाम	लागत अनुमान	सम्झोता रकम	जमानत रकम
ट्रासफरमर खरिद	५९४९४५०	३८१६०००	८११३२०
,, ,,	१३१४०३३३	१३०४८२७३	६५२५००
वडा नं ३ भवन निर्माण	४९७४९५५	३८२९६५८	४९०१०
,, ,,	२५३९३६६	१६८३९३८	३२१४५८
विद्युत विस्तार	३८६१०१४	४१६७९१०	२०८३९६
चौकीघाट सडक कालोपत्र	७१७०९०७/९७	७१५३०४७	३५८०००

शिक्षातर्फ

६२.	**शिक्षण सिकाई सहयोग अनुदानः-** शिक्षा तथा मानवश्रोत विकास केन्द्र सानेठिमि भक्तपुरको च.नं. १३३ मिति २०७६।३।२७ को पत्रानुसार २०७६ शैक्षिक सत्र को लागि माध्यमिक तह अनुमति पाएका तर दरवन्दी स्वीकृत नभएका विद्यालयका लागि प्रति विद्यालय रु ३६६०००। को दरले रु७३२०००। अंग्रेजी, गणित र विज्ञान विषयका शिक्षक नियुक्तिका लागी रकम निकासा भएको देखिन्छ । लेखापरिक्षणको कममा उक्त विद्यालयहरुमा शिक्षक नियुक्ति भएको नपाइएकोले शिक्षक नियुक्ति पत्र पेश गर्नुपर्ने अन्यथा असुल उपर गर्नुपर्ने रु.	५९६३६७/-

सि.नं.	विद्यालयको नाम	रकम
१	माध्यमिक विद्यालय केन्द्र नं.१	३६६०००.००
३	दुर्गा मा.वि. (नियूक्ति– सुमन प्रसाई २०७९/७/१९)	११०१००.००
४	जनता मा.वि.ठकठकिया (नियूक्ति– देवेन्द्र दाहाल २०७९/७/२९)	१२०२६७.००
जम्मा		**५,९६,३६७/-**

६३.	**कार्य सम्पन्न प्रतिवेदन-**(१८/२०७६।३।३०)सार्वजनिक खरिद ऐन २०६४अनुसार निर्माण कार्य सम्पन्न भैसकेपछि प्राविधिक पुष्ट्याई सहितको कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । भौतिक निर्माण सुधार तर्फ विद्यालय क्षेत्र सुधार कार्यकमतर्फ भुकम्पिय पुर्वाधार तयार गर्न सौठा माध्यमिक विद्यालयलाई रु.१५०००००.०० भुक्तानी भएको कार्यको कार्य सम्पन्न भएको छैन । तोकिएको समय भित्रै निर्माण सम्पन्न गर्नेगरी कार्यालयले उक्त कार्यको अनुगमन समेत गरेको छैन । उक्त निर्माण कार्यको निर्माण सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु	१५०००००/-
६४.	**सामुदायिक अध्ययन केन्द्रः-** कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार नियमित रुपमा चलेका सामुदायिक सिकाई केन्द्रको व्यवस्थापन समितिको निर्णय र स्थलगत निरीक्षण प्रतिवेदनका आधारमा हाजिरि प्रमाण भएपछि मासिक ६२००। का दरले सामाजिक परिचालकको रकम निकासा दिने र वांकी रकम प्रस्तावका आधारमा उपलब्ध गराउनुपर्ने उल्लेख छ । कार्यालयले प्रभात सामुदायिक सिकाइ केन्द्र र सुनाखरी सामुदायिक सिकाई केन्द्रलाई एकमुष्ठ रुपमा रु ३ लाखका दरले रु ६ लाख उपलव्ध गराएको छ । सामुदायिक अध्ययन केन्द्रलाई निकासा गर्नुपर्ने रकम र प्रस्तावमा उल्लेखित रकम भन्दा रु २०००००।- वढी उपलव्ध गराएको देखिन्छ ।	
६५.	**निशुल्क पाठ्यपुस्तक-(१/०७३-६-१८)**कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७५।०७६ मा प्रति बिद्यार्थी लागतको आधारमा कक्षा १-१० सम्म आधारभुत बिद्यार्थीका लागि निशुल्क पाठयपुस्तक उपलब्ध गराउने सम्भावित विद्यालयबाट कक्षागत बिद्यार्थीहरुको यथार्थ तथ्यांक संकलन गरि एकिन संख्याको आधारमा दोस्रो चौमासिक भित्र पहिलो पटक निकासा गर्दा बिद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र निकासा दिने र बाँकी २५ प्रतिशत बिद्यार्थी भर्ना भएको विवरण पाठय पुस्तक खरिद र वितरण गरेको विवरणको आधारमा नपुग हुने रकम मात्र थप निकासा दिने व्यवस्था उल्लेख छ । कार्यालयले मिति २०७६।१२।२५ मा पाठ्य पुस्तक ७५ प्रतिशतले हुने रकम निकासा दिएको छ भने २०७६।३।२१मा २५ प्रतिशत निकासा गरी रु. २९०३९१४। निकासा गर्दा कक्ष १०मा अध्ययनरत विद्यार्थि संख्या ६७७ रहेकोमा ७३७ विद्यार्थिलाई निकासा भएको देखिएकोले वढी निकासा संख्या ६० जनाको रु. ६१५।५का दरले वढी रकम रु.३६९३०। असुल गर्नुपर्ने रु.	३६९३०/-
६६.	**समयावधि सुधार योजनाः-** शिक्षकको शिक्षण सिकाईमा विताउने समयावधि सुधार योजना कार्यान्वयनका लागी कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार शिक्षक विद्यार्थी नियमितता मार्फत शिक्षण सिकाई समयलाई अधिकतम उपयोगी गरी प्रभावकारी शिक्षण सिकाई क्रियाकलापमा शिक्षकहरुको जवाफदेहिता तथा विद्यार्थी सिकाई उपलब्धी अभिवृद्धिमा सहजीकरण गर्ने गरी शिक्षण सिकाई समय मापन कार्यान्वयन कार्यविधि, २०७४ का अधारमा कार्यसम्पादन गर्ने गरी प्रति विद्यालय २ हजारका दरले विद्यालयलाई निकासा दिने व्यवस्था छ । कार्यालयले यो वर्ष संस्कृत मा.वि. रतुवामाई लाई १००००।- निकासा दिएकोले वढी निकासा रकम रु.८,०००। असुल गर्नुपर्ने रु.	८०००/-

	पुंजिगततर्फ	
६७.	**दुईकोठे भवनः-** कार्यक्रम कार्यान्वयन पुस्तिक, २०७५।७६ अनुसार दुई कोठे नयां कक्षा कोठा भवन निर्माण फर्निचर सहित प्रति कक्षा कोठा रु ८ लाख अर्थात दुई कोठाको लागि १६ लाख इकाइ लागत कायम गरेको छ। कार्यालयले यो वर्ष रत्न डिक आ.वि. र सौठा वहुमुखी क्याम्पस रतुवामाई लाई रु १६ लाखका दरले निकासा भएकोमा नापि किताव र कार्यसम्पन्न प्रतिवेदन पेश गरेको जसमा विद्यालयमा फर्निचर निर्माण भएको देखिदैन । विद्यालयतर्फ निकास हुनुपर्ने रकम सौठा वहुमुखी क्याम्पस लाई निकास भएको रकम निर्देशिकाले गरेको व्यवस्था वमोजिम देखिदैन । निर्देशिकाले गरेको व्यवस्था बमोजिम रकम निकासा र खर्चको प्रक्रिया कार्यालयले मिलाउनु पर्दछ।	
६८.	**भर्पाइः- (२/२०७५।११।१४)**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा सरकारी रकम खर्च सम्बन्धि कार्यविधि उल्लेख गरिएको छ । सार्वजनिक निकायले कुनै पनि रकम खर्च गर्दा स्वीकृत कार्यक्रम बमोजिम खर्च गनुपर्ने देखिन्छ। कार्यालयले भौचर नं. २ मिति २०७५।११।१४ वाट रु ८३७२०।- खर्च लेखेकोमा उक्त खर्चलाई पुष्टि गर्ने विल भर्पाइ पेश नभएकोले उत्त खर्चको विजक पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.	८३७२०/-
६९.	**अनुगमन समिति भत्ता :**गाउँ तथा नगर सभाका सदस्यहरुलाई दिईने सुबिधा सम्वन्धमा वनेको ऐन, २०७५ अनुसार अनुगमन सम्वन्धमा मासिक सुबिधाको रुपमा पदाधिकारीलाइृ सुबिधा दिने व्यबस्था रहेको छ । सो बाहेक पदाधिकारीले थप सुबिधा पाउने व्यबस्था रहेको छैन । ऐन बमोजिम नपाउने रकम असुल हुनु पर्ने रु **सि.नं.** | **भुक्तानी लिनेको नाम** | **रकम** १ | उप.प्रमुख दयन्तादेवी चुडाल | २६७७५.०० २ | कार्यपालिका सदस्य घनश्याम गौतम | २६७७५.०० **जम्मा** | | **५३५५०.००**	५३५५०/-
	सामाजिक सुरक्षातर्फ	
७०.	आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) बमोजिम खर्च लेख्दा खर्चका विल भर्पाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष गांउकार्यपालिकाको सचिवहरुलाई प्रथम, दोश्रो र तेश्रो सामाजिक सुरक्षा भत्ता पेश्की दिएकोमा पेश भएको भुक्तानी अभिलेख र भरपाईहरु लाई भिडाउदा फरक देखिएका विषयमा देखिएका व्यहोरा निम्नानुसार रहेको छ :	
७१.	सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७२ को दफा २२ बमोजिम र आर्थिक वर्ष २०७५/०७६ बजेट वक्तव्य अनुसार सामाजिक सुरक्षा भत्ता रकम बैंक मार्फत वितरण गरिने व्यवस्था मिलाउने उल्लेख छ । यस वर्ष नगरपालिकाले सामाजिक सुरक्षा भत्ता सम्बन्धित वडाका सचिवलाई पेश्की दिदैं भरपाईका आधारमा नगद वितरण गरेको देखिएकोले वितरण प्रणाली भरपर्दो र विश्वसनिय बनाउन बैंकिङ्ग प्रणाली भएका क्षेत्रमा बैंक मार्फत वितरण गर्नुपर्दछ।	
७२.	सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यबिधि, २०७२ को दफा ९ अनुसार गाँउपालिका वा नगरपालिकाले भत्ता पाउने लाभग्राहीहरुको फोटो सहित अनुसूचि ५ बमोजिमको मूल अभिलेख अध्याबधिक गरी राख्नु पर्ने व्यवस्था छ । सामाजिक सुरक्षा पाउने व्यक्तिको नामनामेसी, नागरिकता नं., परिचय पत्र नं., फोटो आदि विवरण अद्यावधिक राखि मूल अभिलेख खाता व्यवस्थित गरी सोहि प्रमाणका आधारमा वित्तिय सूचना प्रणाली (MIS)मा डाटा अपलोड गर्दै दोहोरो नपर्ने गरी अभिलेख भिडान हुने गरी राख्नु पर्दछ। कार्यालयले MISअभिलेख तयार गरेको देखिएन ।	
७३.	सामाजिक सुरक्षा पाउने व्यक्तिको नामनामेसी, नागरिकता नं., परिचय पत्र नं., फोटो आदि विवरण अद्यावधिक राखि मूल अभिलेख खाता व्यवस्थित गरी सोहि प्रमाणका आधारमा सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्नेमा यस नगरपालिका अर्न्तगतका वडाहरुमा सामाजिक सुरक्षा भत्ता वितरण गरेको ल्याप्चे लगाएको भर्पाई पेश गरी पेश्की फछ्र्यौट गरेकोमा	

	नागरिकता एवं परिचयपत्र उल्लेख नगरी भत्ता वितरण गरेकोमा सो रकम सामाजिक सुरक्षा प्राप्त गर्न योग्य व्यक्तिहरुलाई नै वितरण गरेको हो भन्ने सम्बन्धमा विश्वस्त हुन सक्ने आधार देखिएन । सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने प्रत्येक व्यक्तिको नागरिकता नम्बर अनिवार्यरुपमा उल्लेख गर्नुपर्ने देखिन्छ ।	
	कर्मचारी कल्याण कोष :	
७४.	स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउन एक **अवकास कोष**को स्थापना गर्नु पर्ने व्यवस्था छ । कोषमा स्थानीय तहले आफ्नो दर्बन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलवबाट १० प्रतिशत रकम कट्टागरी सो वराबरको हुने रकम थपगरी जम्मा गर्नु पर्ने व्यबस्था रहेको छ। कार्यालयले यो आर्थिक वर्षमा एकमुष्ठ रु.२५,००,०००।- समानिकरण चाँलु खातावाट कर्मचारी कल्याण कोष खातामा रकम ट्रान्सफर गरेको देखियो ।	
	विपद् व्यवस्थापन कोष तर्फः-	
७५.	**भर्पाइः- (१९१/२०७५।८।२५)** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा सरकारी रकम खर्च सम्बन्धि कार्यविधि उल्लेख गरिएको छ । सार्वजनिक निकायले कुनै पनि रकम खर्च गर्दा स्वीकृत कार्यक्रम बमोजिम खर्च गनुपर्ने देखिन्छ । कार्यालयले शनिश्चरे हार्डवेयर एण्ड सप्लायर्सलाई भुक्तानी गरेको रु ३००००।- को विल विजक पेश नभएकोले विल विजक पेश गनुपर्ने अन्यथा असुल गर्नुपर्ने रु	३००००/-
	आन्तरिक आम्दानी	
७६.	**अभिलेख अध्यावधिक नभएकोः** नगरपालिकाका १० वटै वडामा र नगरपालिका कार्यालयमा कुन कुन रसिदवाट कुन कुन शिर्षकमा कुन मितिमा के कति आम्दानी भयो र के कति दाखिला भइ के कति नगद बाँकी रहेको छ प्रष्ट खुल्ने गरी म.ले.प.फा.नं. १०८ र १०८क मा अभिलेख राखेको देखिएन । सवै वडाहरुवाट काटिएका रसिदहरु र ति रसिदहरु म.ले.प.फा.नं. १०८, १०८ क, र २३ जस्ता राजश्व आम्दानीलाई ब्यवस्थित गर्ने फारामहरु अध्यावधिक गरी राखेको देखिएन । आम्दानी भएको रकम बैक दाखिला भई आर्थिक प्रशासन शाखामा दाखिला भौचर तथा बैक स्टेटमेन्ट प्राप्त भएपछि सोही आधारमा मात्र आम्दानी बाँधेको देखियो वडा कार्यालयहरुले दैनिक अभिलेख खाता नराखेको, बैक दाखिला अभिलेख खाता नराखेको, समयमा बैक दाखिला नभएको आदि कारणले नगरपालिकाको बास्तविक राजश्व आम्दानी तथा दाखिला एकिन हुन सकेन ।	
७७.	**धरौटी फिर्ताः** सरकारी लेखा निर्देशिका, २०७३ को परिच्छेद १२ को १२.५ (ङ) (आ) मा धरौटी रकम फिर्ता गर्दा उक्त भुक्तानी वापत लाग्ने कर तथा मूल्य अभिबृद्धि कर दाखिला भएको भनी कर कार्यालयको कर समायोजन पत्र पेश हुनु पर्ने व्यवस्था छ । कार्यालयवाट भुक्तानीमा कट्टा भएको धरौटी फिर्ता गर्दा मूल्य अभिबृद्धि कर दाखिला भएको भनी कर कार्यालयको कर समायोजन पत्र पेश गरेको देखिएन । मूल्य अभिबृद्धिकर दाखिला भएको भनी कर कार्यालयको कर समायोजन पत्र पेश भए पछि मात्र धरौटी फिर्ता गर्नु पर्ने देखियो ।	
७८.	**राजस्वको लेखाङ्कन-** आर्थिक कार्यविधि नियमावली २०६४ को परिच्छेद ३ मा राजस्व दाखिला र राजस्व लेखा सम्बन्धि ब्यवस्था रहेको छ । नियम ९ मा राजस्व आर्जन गर्ने कार्यालयले करदाता वा सेवाग्राही बाट सोझै बैकमा जम्मा भई प्राप्त हुन आएको बैक भौचर र कार्यालयले नगद संकलन गरी बैक दाखिला गरेको बैक भौचर समेतको सम्बन्धित खातामा प्रविष्टि गरी श्रेस्ता राख्नुपर्नेछ । बेरुजु रकम नगद असुल भएमा बेरुजु कायम भएको कार्यालयको राजस्व खातामा जम्मा गर्नुपर्नेछ । त्यसरी जम्मा गरिएको बैक भौचर संलग्न गरी सम्बन्धित कार्यालयले गोश्वरा भौचर उठाई त्यस्तो रकमको आम्दानी जनाई लेखा राख्नुपर्नेछ भन्ने ब्यवस्था रहेको छ । त्यसैगरी नगदी रसिद प्रयोग भएकोमा रसिद नियन्त्रण खाता राखि सोही अनुसार रसिदको आम्दानी खर्च लेख्नुपर्नेमा कार्यालयले रसिद नियन्त्रण खाता तयार गरेको छैन । कार्यालयले यो	

<table>
<tr><td></td><td>वर्ष राजस्व तर्फ गोश्वरा भौचर उठाई बैक नगदी किताब तयार गरेको छैन, लेखा राखेको छैन । कार्यालयले नियममा भएको व्यवस्थाको पालना गरी राजस्वको लेखा राख्नु पर्दछ ।
यो वर्ष कार्यालयको आन्तरीक आयको वडा नं. ३ को आम्दानी परीक्षण भिडान गरिएको छ ।</td><td></td></tr>
<tr><td>७९.</td><td>नगद मौज्दात: आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९ को (३) मा राजश्व आम्दानी भएको रकम दैनिक बैक दाखिला गर्नु पर्ने, बैक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी ७ दिन भित्र नगद बैक दाखिला गरि सक्नु पर्ने व्यवस्था छ । आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १३ (४) मा आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट दाखिला नगरेमा कार्यालय प्रमुखले १० दिन सम्म ढिलो गरेको भए १० प्रतिशत, १५ दिन भन्दा ढिलो भएमा १५ प्रतिशत र १५ दिन भन्दा वढी ढिलो गरेको भएमा २५ प्रतिशत जरीवाना गरी नगद दाखिला गर्न लगाउनु पर्ने व्यवस्था रहेको छ । आ.ब. ०७५/०७६ को राजश्वको आम्दानी विवरणमा वडाहरुमा र नगरपालिका कार्यालयमा छुट्टा छुट्टै नगदी रसिद काटी जम्मा आम्दानी भएको रु १,६९,९०,८६८/२२ मध्ये रु. १,५६,३४,५७६/७६ बैक दाखिला गरी आ.ब. को अन्त्यमा रु. १३,५६,२९१/४६ नगद मौज्दात रहेको देखियो । असार मसान्तमा बाँकी रहेको नगद रु. १३,५६,२९१.४६ मध्ये लेखापरीक्षण अवधि सम्म रु.१०,३०,३५९.९३ दाखिला भएको विवरण प्राप्त भएको छ । नियमानुसार कारवाही गरी रकम असुल तथा दाखिला हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td></td><td>असार मसान्तमा मौज्दात रहेको नगद मध्ये रु. १,८६,८८५।८० श्रावण महिनामा र रु. १,३९,०४५।७३ भाद्र महिनामा दाखिला भई र ४ नं. वडाबाट २०७६ साल माघ ८ गते रु. ८,०८,३०० र २०७६।१०।१९ मा बाँकी रकम दाखिला भई बहीदार अशोक कुमार ताजपुरीया सँग दाखिला हुन बाँकी नगद नरहेको । श्रावण महिनामा दाखिला भएको रु. १,८६,८८५।८० रकम आ.व. २०७५।७६ बैंक हिसाब विवरणमा आम्दानी बाँधिसकेको भएकाले आन्तरिक आम्दानी तर्फको अल्या रकम आ.व. २०७६।७७ मा रु. ९,४७,६३८।६६ हुने देखिन्छ ।</td><td></td></tr>
<tr><td></td><td>बेरुजू - नगरपालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने रु. ५० लाख ५ हजार, नियमित गर्नुपर्ने रु ४ करोड ५३ लाख १९ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.७३ लाख ४६ हजार र पेश्की रु. १ करोड ४ लाख १६ हजार बेरुजू कायम भएकोमा प्रतिक्रियाबाट रु. ३ करोड ३६ लाख ५ हजार फछ्र्यौट भइ रु. ३ करोड ४४ लाख ८२ हजार बेरुजू कायम भएको छ ।</td><td></td></tr>
<tr><td></td><td>अनुगमन तथा मूल्याङ्कन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४(२) (घ) बमोजिम वेरुजू फछ्र्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । कार्यालयले गत वर्षको बेरुजू फछ्र्यौट गरेको देखिएन । गत वर्षको बेरुजू स्थिति निम्नानुसार देखिएको छ :
<table>
<tr><th>गत वर्षको बेरुजू रकम (रु.)</th><th>यो वर्ष फछ्र्यौट (रु)</th><th>बाँकी</th></tr>
<tr><td>९००६०</td><td>०</td><td>९००६०</td></tr>
</table></td><td></td></tr>
<tr><td></td><td>अद्यावधिक बेरुजु स्थिति : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था छ । नगरपालिकाको आर्थिक वर्ष २०७५।७६ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ :
<table>
<tr><th>गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) (C)</th><th>यो वर्षको सं प.बाट कायम बेरुजु रु. (D)</th><th>यो वर्षको कायम बेरुजु रु. (E)</th><th>बाँकी (F= C+D+E)</th></tr>
<tr><td>९००६०</td><td>०</td><td>३४४८२</td><td>१२४५४२</td></tr>
</table>
उल्लेखित ऐन बमोजिम फछ्र्यौट गर्न बाँकी बेरुजु असुल फछ्र्यौट गरिनु पर्दछ ।</td><td></td></tr>
</table>

अनुसूची- १

सञ्चित कोष विवरण

२०७५।७६

(रु.हजारमा)

क्र. सं.	स्थानीय तह	जिल्ला	आय				जम्मा आय	व्यय				मौज्दात
			गत वर्षको जिम्मेवारी	समानीकरण अनुदान	सशर्त तथा अन्य बजेट अनुदान	अन्य आय		चालु खर्च	पूँजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	
			१	२	३	४	५ (२+३+४)	६	७	८	९ (६+७+८)	१० (१+५-९)
१.	रतुवामाई न.पा.	मोरङ्ग	६२४४२	१६१७०७	३७४९९३	१७६२५५	७१२९५५	३६५०९७	१५२३४२	१४६६३४	६६४०७३	१११३२३

अनुसूची- २

रतुवामाई नगरपालिकाको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

२०७५।७६

(रु.हजारमा)

सि.नं.	जिल्ला	स्थानीय तहको नाम	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्र्योट			बाँकी बेरुजू			बाँकी बेरुजू								
			दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	अशुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
			सैदान्तिक	लगती		सैदान्तिक	लगती		सैदान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजश्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
१.	मोरङ्ग	रतुवामाई न.पा.	५८	४६	६८०८७	०	१९	३३६०५	६३	३७	३४४८२	४४२३	२४०५६	३०६७	०	०	२७१२३	०	२९३६	२९३६

अनुसूची- ३

अद्यावधिक बेरुजु स्थिति

२०७५।७६

(रु.हजारमा)

क्र.सं.	स्थानीय तह	जिल्ला	गत वर्ष सम्मको बाँकी	यो वर्षको फछ्र्योट	बाँकी	यो वर्षको सं प.बाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बाँकी बेरुजु
१	रतुवामाई न.पा.	मोरङ्ग	९००६०	०	९००६०	०	३४४८२	१२४५४२